म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३२ बिहिबार १४ भदौ २०८० ने. सं. ११४३ गुलाथ्व 31 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बागमती नदी किनारमा शव फेला

हेटौंडा, १३ भदौ/मकवानपुरमा सडेगलेको अवस्थामा शव फेला परेको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार मंगलबार दिउँसो करिब साढे १ बजे बागमती गाउँपालिका-१ करौंजेस्थित बागमती नदीकिनारमा करिब ३६ वर्षीय एक पुरुषको शव फेला परेको हो । मकवानपुरका प्रहरीप्रवक्ता एवं प्रहरीनायवउपरीक्षक टेकबहादुर कार्कीका अनुसार वेवारिसे अवस्थामा फेला परेको शव पहिचान गर्न सक्ने अवस्थामा छैन । बर्खायामको समयमा बामगती नदीले बगाएर ल्याएको हुनसक्ने उनले बताए । मंगलबार दिउँसो स्थानीयले नदीकिनारमा शव देखेपछि नजिकैको प्रहरीचाकी राईगाउँमा खबर गरेका थिए । सूचना पछि प्रहरीले घटनास्थल पुगी प्रारम्भिक अनुसन्धान गरी शवलाई पोस्टमार्टमका लागि हेटौंडा अस्पताल ल्याएको छ । मकवानपुर प्रहरीले कोही कसैको आफन्त नातेदार हराएका छन् भने सम्पर्क गर्नका लागि अनुरोध समेत गरेको छ ।

### बागमतीका स्वास्थ्यमन्त्री जोशीको १०० दिन

# विपन्नलाई अस्पताल बेड निःशुल्कदेखि करारमा कर्मचारी भर्नासम्म

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/ बागमती प्रदेशको स्वास्थ्यमन्त्री उत्तम जोशीले आफ्नो कार्यकालको सय दिनको काम सार्वजनिक गरेका छन् । गत जेठ ७ गते पदभार ग्रहण गरेका मन्त्री जोशीले बुधवार हेटौंडामा प्रदेशको १३ जिल्लास्थित स्वास्थ्य क्षेत्रमा गरेको काम र उपलब्धिको सार्वजनिक गरेका हुन् ।

मन्त्री जोशीले सबै अस्पतालहरुमा विपन्न असहाय वेवारिसे बिरामीको लागि कुल शैयाको १० प्रतिशत शैया निःशुल्क रुपमा कार्यान्वयनमा ल्याइएको बताएका छन् । जनस्वास्थ्य प्रयोगशाला, धुलिखेलको सेवा स्वास्थ्य कार्यालय चितवनमा सेवा इकाइको रुपमा विस्तार गरी हालसम्म ६ सय २३ जनालाई सेवा प्रदान गरिएको, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट बकुलहर अस्पताल, चितवन, रामेछाप अस्पताल, रामेछाप, चौतरा अस्पताल, सिन्धुपाल्चोक, सिन्धुली अस्पताल, सिन्धुली, पशुपति चौलगाई स्मृति अस्पताल, दोलखा र रसुवा अस्पताल, रसुवा गरी ७ वटा अस्पतालमा शव वाहन वितरण गरिएको, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट २५ लाख बराबरको एन्टी हेमोफेलि ट्र्याकटर वितरण गरिएको जनाइएको छ ।

यसैगरी, मन्त्रालयले बागमती प्रदेशमा बसोबास गर्ने लोपोन्मुख तथा सीमान्तकृत जातिहरु, आश्रममा आश्रित असहाय नागरिकहरुका लागि २५ लाख ८६ हजार ५ सय रुपैयाँ बराबरको स्वास्थ्य बीमा गरिएको दाबी गरिएको छ । मन्त्रालयले २०८० साल १६ असार देखि जनस्वास्थ्य प्रयोगशाला, धुलिखेलको सेवा स्वास्थ्य कार्यालय सेवा इकाइको रुपमा विस्तार गरी हालसम्म ६२३ जनालाई सेवा प्रदान गरिनुका साथै स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट बकुलहर अस्पताल, चितवन, रामेछाप अस्पताल, रामेछाप, चतरा सिन्धुपाल्चोक, सिन्धुली अस्पताल, सिन्धुली, पशुपति चौलगाई स्मृति अस्पताल, दोलखा र रसुवा अस्पताल, गरी ७ वटा अस्पतालमा शव वाहन वितरण गरिएको जनाइएको छ ।




मन्त्रालयले स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र हेटौडाको परिसरमा बायोमेडिकल इक्युप्मेन्ट वर्कसप स्थापना गरिनुका साथै स्वास्थ्य तालिम केन्द्रमार्फत ८ सय ३१ जना चिकित्सक लगायत अन्य स्वास्थ्यकर्मीलाई विभिन्न स्वास्थ्य तालिम प्रदान गरिएको बताइएको छ । २६ जना स्वास्थ्यकर्मीलाई सर्पदंश उपचार व्यवस्थापन सम्बन्धी तालिम दिइएको जनाएको छ । स्वास्थ्य मन्त्री जोशीको नेतृत्वमा लगातार प्रयास पश्चात् प्रदेश सरकारको कुल बजेटको ६.५% स्वास्थ्यमा विनियोजित गर्न सफल हुनुका साथै प्रदेशका विषयगत मन्त्रालयले तर्जुमा गर्ने नीति तथा रणनीतिहरुमा स्वास्थ्यका निर्धारकहरु सम्बोधन हुने गरी निर्माण गर्नका लागि विभिन्न विषयगत मन्त्रालय तथा सरोकारवाला निकायको सहभागितामा 'सबै नीतिमा स्वास्थ्य निर्देशिका' को मस्यौदा तयार गरिएको जनाएको छ ।

मन्त्रालयले ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको लागि निःशुल्क हवाई उद्दारसम्बन्धी कार्यविधि, २०८० मन्त्रीपरिषद्बाट मिति २०८०/०५/०५ मा स्वीकृत भएको पनि उल्लेख गरिएको छ । स्वास्थ्य मन्त्रालयले मातहातका कार्यालयमा चालु आर्थिक वर्ष २०८०/८१ मा ६ सय २८ जना कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत गरिनुका साथै थप १ सय ३० जना करारमा जनशक्ति हेटौंडा अस्पतालमा अस्थायी दरबन्दी स्वीकृत गरी विज्ञापन खुलाइएको छ । निजी स्वास्थ्य संस्थाहरुको दर्ता, नवीकरण तथा स्तरोन्नतिको लागि सफ्टवेयर निर्माण भई कार्यान्वयनको प्रक्रियामा रहेको मन्त्रालयले उल्लेख गरेको छ ।

मन्त्रालयले गत आव २०७९/८० को मुख्य उपलब्धीको रुपमा मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमः क्यान्सर रोग लागेका विपन्न बिरामीलाई उपचारमा सहुलियत प्रदान गर्ने कार्यक्रम अन्तर्गत गत आर्थिक वर्ष २०७९/८० मा जम्मा ६ हजार ८ सय ६५ जना विरामीले ९ करोड २६ लाख ७३ हजार रुपैयाँ बराबरको सहुलियत प्रदान गरिएको छ । यसैगरी मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमः हृदयघात भएका बिरामीका लागि उपचारमा सहुलियत प्रदान गर्ने कार्यक्रम अन्तर्गत गत आर्थिक वर्ष २०७९/८० मा ७ वटा प्रादेशिक अस्पतालमा ३४ लाख ७२ हजार बराबरको सहुलियत प्रदान गरिनुका साथै २ जना बिरामीलाई एन्जियोप्लाष्टी सेवा प्रदान गर्नका लागि ६ लाख ५४ हजार ५ सय सहुलियत प्रदान गरिएको उल्लेख छ ।

बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले निःशुल्क रुपमा ५ हजार ४० वटा ब्लड व्याग वितरण जसमा ४३ लाख ४५ हजार ९ सय २३ बरावरको सहयोग गरिएको जनाएको छ ।

यसैगरी, काठमाडौं, मकवानपुर, भक्तपुर र ललितपुर जिल्लामा व्यायामशाला स्थापना र संचालन भएको र गत आर्थिक वर्षमा थप ६० वटा विद्यालयमा विस्तार गरी जम्मा ५ सय १९ वटा माध्यमिक विद्यालयमा 'एक विद्यालय एक नर्स कार्यक्रम' सञ्चालन गरिएको जनाएको छ । चालु आव २०८०/८१ का लागि तर्जुमा गरेका महत्वपूर्ण कार्यक्रमहरुः स्वास्थ्य मन्त्रालयले एक प्रदेश निर्वाचन क्षेत्र एक अस्पताल सुदृढीकरण कार्यक्रमका लागि ११ करोड ५२ लाख ५० हजार बजेट छुट्याईएको जनाएको छ ।

त्यसैगरी स्थानीय तहका स्वास्थ्य संस्था सबलिकरण कार्यक्रमका लागि १० करोड २२ लाख बजेट छुट्याइएको जनाएको छ । मन्त्रालयले मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम अन्तर्गत नसर्ने रोगको पहिचानका लागि परीक्षण र परामर्श , क्यान्सर रोग लागेका विपन्न विरामीलाई उपचारमा सहुलियत, हृदयघात भएका बिरामीका लागि उपचारमा सहुलियत, मस्तिष्कघात रोग उपचारमा सहुलियत दिने जनाएको छ ।

यसैगरी चालु आवमा मन्त्रालयले सीमान्तकृत, लोपोन्मुख, आश्रममा आश्रित, अपाङ्गता क र ख वर्ग भएका व्यक्ति र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको (५०%) स्वास्थ्य बीमाको प्रिमियम भुक्तानी गर्ने र विपद् तथा स्वास्थ्य आपतकालीन अवस्थामा सहज स्वास्थ्य सेवा प्रदान गर्न हब तथा सेटेलाईट अस्पतालहरुको सञ्जाल निर्माण गर्ने योजना रहेको जनाएको छ ।

# आज जनैपूर्णिमा पर्व मनाइँदै

साझाकुरा संवाददाता


हेटौंडा, १३ भदौ/प्रत्येक वर्ष मनाइने जनैपूर्णिमा पर्व आज बिहीवार देशभर नयाँ जनै फेरेर र रक्षाबन्धन (डोरो) बाँधेर मनाइँदै छ ।

आज बिहानैदेखि वैदिक सनातन धर्मावलम्बीले नदी, ताल, तलाउ, पोखरीमा गई स्नान गरेर गुरुपुरोहितबाट रक्षासूत्र बाँध्छन् । गुरुपुरोहितले विधिपूर्वक मन्त्रिएको डोरो (रक्षासूत्र) धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास छ । मानवरक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक परम्पराको मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितहरुले यजमानको दाहिने नाडीमा बाँधिदिने गरिन्छ । यसै दिन ब्राह्मण, क्षत्री र वैश्य गरी तीन वर्णका तागाधारीले आफ्नो जनै फेर्नुपर्ने विधान शास्त्रमा उल्लेख छ । तागाधारीले पूर्णिमाका दिन बिहानै पोखरी, ताल, तलाउ, नदी र कुण्डमा गई स्नान गरी जौ, तिल र कुशद्वारा ऋषिहरुलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवीत) फेर्ने गर्दछन् ।

अरुन्धतीसहित कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदग्नि, वशिष्ठ र अगस्त्य गरी आठ ऋषिलाई पूजा एवं तर्पण गर्ने भएकाले आजको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिन्छ । वैदिक गुरु परम्पराअनुसार यज्ञोपवीत अर्थात जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागो भनिन्छ । रक्षाबन्धन बाँध्न एवं नयाँ जनै फेर्न बिहानैदेखि पशुपतिनाथ मन्दिर परिसर, वसन्तपुरस्थित अशोक विनायक लगायत वाग्मती नदीको किनार र मठमन्दिरमा भक्तजनको भीड लाग्ने गरेको छ । नेपालको तराई क्षेत्रमा भने दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर यो पर्व मनाइन्छ । यसबाट दिदीबहिनी र दाजुभाइका बीचमा प्रेमसम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ ।

**क्वाँटी खाने दिन**

जनै पूर्णिमाका दिन एघार थरीका गेडागुडी मिसाई भिजाएर टुसा उमारेर बनाइएको क्वाँटी खाइन्छ । यसरी क्वाँटी बनाई



खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि नै तापको सञ्चार गर्छ भन्ने धार्मिक एवं आयुर्वेद शास्त्रीय मान्यता छ । क्वाँटीले रोग प्रतिरोधी क्षमतासमेत बढाउने चिकित्सकले जनाएका छन् । जनैपूर्णिमाका अवसरमा सार्वजनिक बिदा दिने गरिएको छ ।

यसैगरी, २०८० सालको जनैपूर्णिमा, रक्षाबन्धन र गाईजात्रा पर्व धर्मशास्त्र, संस्कृति र परम्परा अनुसार यही १४ भदौ बिहीवार रहेको छ । आज पूर्णिमासँगै भद्रा रहेको छ । बुधवार राति ९:०३ बजे मात्र भद्रा सकिने भएकाले दिनमा रक्षाबन्धन गर्न नमिल्ने नेपाल पञ्चाङ्क निर्णायक समितिले जनाएको छ । रात्रिमा रक्षाबन्धन गर्ने परम्परा नभएका कारण भदौ १४ गते नै रक्षाबन्धन, ऋषितर्पणी एवं गाईजात्रा पर्व मनाउनु शास्त्रसम्मत हुने समितिको निर्णय छ । 'हालसम्म रक्षाबन्धन तथा जनैपूर्णिमालाई अलगअलग गर्ने परम्परा पनि छैन, एकै दिन गर्ने गरेको नै नेपालको परम्परा रहेको देखिन्छ ।

यस वर्षको जस्तो तिथिको अवस्था विगत वर्षमा पनि परेको थियो, वि.सं १९९४, २०२४, २०३०, २०३१, २०५५, २०६१, २०७० र २०७९ सालमा पनि यस्तै तिथिको अवस्था परेको थियो । ति वर्षमा एक घडीमात्र उदयपूर्णिमा भए पनि सोही दिन नै जनैपूर्णिमा मनाइएको थियो । धर्मशास्त्रमा विभिन्न मत भए पनि हाम्रो शाखासूत्रअनुसार उदयव्यापिनी पूर्णिमा तिथिकै दिन उपाकर्म, रक्षाबन्धन आदि गर्ने परम्परासमेत रहिआएको छ ।', समितिले भनेको छ ।


यसवर्षको जनैपूर्णिमा, रक्षाबन्धन र गाईजात्रा पर्वका विषयमा भ्रामक टीकाटिप्पणी र प्रचार-प्रसार भएकाले जनमानसमा भ्रम सृजना गर्न खोजिएको भन्दै नेपाल पञ्चाङ्ग निर्णायक समितिले आपत्ति जनाएको छ । समितिले धर्मशास्त्री र चाडपर्व विशेषज्ञहरुको उपस्थितिमा व्यापक छलफल गरी शास्त्रको मर्म तथा विद्वानहरुको राय मुताबिक निर्णय गरी स्वीकृत पञ्चाङ्गमा उल्लिखित भदौ १४ गते बिहीबार नै ऋषितर्पणी, रक्षाबन्धन र गाईजात्रा पर्व मनाउन धर्म, संस्कृति तथा परम्परा अनुकूल रहेको भनी उल्लेख गरिएको समितिका अध्यक्ष प्रा. श्रीकृष्ण अधिकारीले जानकारी दिए । चार वेदका पनि अनेक शाखासूत्र भएकाले कतिपय निर्णय स्वशाखा सूत्रानुसार हुने समितिको भनाइ छ ।

# गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताले मुलुक अस्थिरः थापा

हेटौंडा, १३ भदौ/राप्रपा नेपालका अध्यक्ष कमल थापाले गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताले मुलुकलाई झनै अस्थिर र कमजोर बनाएको भन्दै अब बिकल्प खोज्नुपर्नेमा जोड दिएका छन् ।

बुधवार हेटौंडामा आयोजित कार्यक्रममा बोल्दै थापाले देशको राष्ट्रियता कमजोर भएको, विदेशी प्रभाव र दवाव बढेको, आर्थिक क्षेत्र संकटग्रस्त हुँदै गएको समेत चर्चा गरे । भ्रष्टाचारीलाई कारबाही गर्नुपर्ने, कठघरामा उभ्याउनु पर्ने सरकार आफैं भ्रष्टाचारमा लिप्त भएको भन्दै थापाले भ्रष्टाचारीहरु दण्डित हुनुको सट्टा मुलुकमा ब्रम्हलुट गर्ने प्रतिस्पर्धामा रहेको तथा सरकार भ्रष्टाचारिको संरक्षकको रुपमा प्रस्तुत भइरहेकोमा गम्भिर आपत्ति प्रकट गरे ।

नेपालमा राजासहितको प्रजातन्त्रको मौलिक राज्यप्रणाली अहिलेको आवश्यकता भएको जिकिर गरे । धर्म, संस्कृति र पहिचानलाई मेटेर मुलुकको हित नहुने भन्दै उनले अब दुर्घटनाउन्मुख मुलुक जोगाउन जनता सडकमा आउनुपर्ने आवश्यकता औंल्याए । जनता सडक केन्द्रित भएर आन्दोलनको तयारीमा लाग्न सो अबसरमा थापाले नेता कार्यकर्तालाई निर्देशन दिए । राप्रपा नेपाल मकवानपुर जिल्ला अध्यक्ष गुरुप्रसाद सापकोटाको अध्यक्षतामा कार्यक्रम भएको थियो ।




## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## सूचना ! सूचना ! सूचना !

यही आउने भदौ १६ गते काठमाडौं शहिद गंगालाल हृदय केन्द्र काठमाडौंबाट बरिष्ठ मुटु रोग विशेषज्ञ डा. विवेक बानियाँ आउनु हुने भएकोले मुटु सम्बन्धि समस्या भएको, उच्च रक्तचाप ( High Blood pressure) कोलेस्ट्रोल सम्बन्धि समस्या भएको नयाँ तथा पुरानो बिरामीहरुले सम्पर्क गर्नुहोला ।

**हाम्रो सेवाहरू :**

- ECHO मुटुको भिडिओ एक्स-रे सेवा
- E.C.G. भिडिओ एक्स-रे सेवा
- प्याथोलोजी सेवा
- फिजियो थेरापी सेवा
- दाँत सम्बन्धि सम्पूर्ण रोग उपचार
- छाला तथा यौन रोग विशेषज्ञ सेवा
- स्त्री तथा प्रसुती सम्बन्धी सेवा
- नाक, कान तथा घाँटी रोग सम्बन्धी सेवा

*सम्पर्क :*

**मकवानपुर पोलिक्लिनिक**

हेटौंडा-०१, भिन्तुनापथ

(सञ्चो हस्पिटल अगाडि, मकवानपुर सहकारी हस्पिटल सँगै)

सम्पर्क नं. : ०५७-५२५६०१, ९८४५२३७६११, ९८०७१३१३६४

साझाकुरा

## हाम्रो कुरा

# सडक विस्तारमा शीर्ष नेताको आश्वासन

हेटौंडाको मुख्य बजारक्षेत्रमा रहेको सडकलाई फराकिलो पार्न सूचना जारी भएपछि यहाँका घरधनीहरु सरकारका ढोकासम्म पुग्ने क्रम जारी छ । सडक डिभिजन हेटौंडाले १० असारमा २०७८ सालमा सर्वोच्च अदालतबाट जारी आदेशको अंशसहित सडक विस्तारसम्बन्धी सूचना जारी गरेपछि मुआब्जा माग्दै तीनतहकै सरकारसँग घरधनीहरुले उचित समाधानको पहल गरिरहेका छन् । सडक डिभिजनले बिनामुआब्जा घरखाली गर्न सूचना जारी गरेको भन्दै उचित मुआब्जा र क्षतिपूर्ति माग गरेर हेटौंडा-९ को एचआइडी, ४ नम्बर वडाको कर्रा तथा मेनरोड र १ नम्बर वडाको राप्तिरोडबासीहरु सर्वोच्च अदालतसम्म पुगेका छन् । सर्वोच्चमा घरधनीहरुद्वारा दायर रिटउपर सुनुवाई भने भइसकेको छैन । मंगलबार रहेको पेशीसमेत धकेलिएको छ । सडक क्षेत्रभित्रका घरधनी र मकवानपुर उद्योग वाणिज्य संघ मकवानपुरको नेतृत्व सडक विस्तारको विषयलाई लिएर मंगलबार नै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र कांग्रेस सभापतिसमेत रहेका पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालाई भेट गरेका छन् ।

प्रधानमन्त्री प्रचण्ड र देउवा दुवैले हेटौंडाको सडक विस्तार आवश्यक रहेको औंल्याएका छन् । भेटघाटमा सहभागीका अनुसार प्रचण्ड र देउवा दुवैले सडक विस्तार आवश्यक रहेको र घरधनीलाई परेको समस्याबारे सरकारले गम्भीर रुपमा लिने प्रतिबद्धता जनाएको बताइएको छ । घरधनीहरुले सडक विस्तारको विरोध नगरेको र विस्तारका क्रममा उठिबास नै लाग्ने घरधनीको व्यवस्थापन र ाज्यले गर्दिनुपर्ने माग प्रधानमन्त्री प्रचण्ड र देउवासँग राखेका थिए । प्रचण्डले घर धनीलाई अलपत्र पार्ने गरी सरकारले काम नगर्ने र सडक विस्तारको समस्याको निकास चाँडै निकाल्ने विश्वास दिलाएका छन् । प्रचण्डले बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलसहितको एउटा छलफल राखेर उचित समाधान निकाल्न आफू सकारात्मक रहेको बताएको समाचारमा आएको छ । उनले सडक विस्तारको सम्बन्धमा सबै व्यवस्थापन र छलफलका लागि सांसद महेश बर्तौलालाई समन्वय गर्न आग्रह गरेका थिए । सडक विस्तार गर्दा आइपर्ने समस्या समाधानका लागि बागमतीका मुख्यमन्त्रीसहित छलफल गरौंला भनेर प्रचण्डले दिएको आश्वासनलाई कुन रुपमा हेर्ने ? सांसद बर्तौलाले सडक विस्तार आवश्यक रहेको र घरधनीको उठिबास नै लाग्ने अवस्था आउँदा राज्यले अभिभावकको भूमिका निर्वाह गर्नुपर्नेमा ध्यानाकर्षण गराएको बताइएको छ । घरधनीहरुले सार्वजनिक सडक ऐन २०३१ बन्नुपूर्व हेटौंडा बजार क्षेत्रमा बनेका घरको मुआब्जा माग गरिरहेका छन् । २५ मिटरभित्रका घरजग्गाको लालपूर्जा व्यक्तिकै नाममा रहेको र राज्यलाई हालसम्म नियमानुसार मालपोत, बिभिन्न कर तिर्दै आएको, मालपोत कार्यालयबाट खरीदबिक्री हुँदै आएकोले निजी सम्पत्ति राज्यले लिनुपर्दा क्षतिपूर्ति वा मुआब्जा दिनुपर्ने संघका अध्यक्ष गुप्ताले बताए । सडक विस्तारको क्रममा एक हजार सात सय ७२ घरधनी प्रत्यक्ष प्रभाबित हुने, करिब एक सय ५० परिवार घरबारबिहिन (विस्थापित) हुने, झण्डै चार हजार व्यवसायी प्रभावित हुने जनाइएको छ ।

हेटौंडा बजार क्षेत्रका करिब तीनसय घरधनीले घर भत्काउने सूचनाको विरोधमा सर्वोच्चमा विभिन्न मितिमा मुद्दा दायर गरेका हुन् । लामो समयदेखि अनिर्णयको शिकार भएको हेटौंडा बजार क्षेत्रका भवन भत्कने सम्भावना बढ्दै गएपछि व्यवसायीको चिन्ता पनि बढेको छ । तर, हेटौंडा उपमहानगरपालिका ( तत्कालीन नगरपञ्चायत र ०४६ पछिको नगरपालिका)सँग राज्यले चाहेको बखत सडक विस्तारका क्रममा आफ्नो संरचना भत्काइदिने लिखित सहमति घरधनीले गरेका छन् । हालसम्म उपमहानगरपालिकाले २ सय ९८ घरधुरीको राज्यले चाहेको बेला सडक विस्तारका लागि आफ्नो संरचना भत्काइदिने कबुलियतनामा गरेको कागजात सुरक्षित रहेको जनाएको छ । नेपालको बिभिन्न क्षेत्रमा विकासका मुख्य साझेदार एडीबी, वर्ल्ड बैंकलगायतले पूर्वपश्चिम राजमार्गलाई एसियाको ३७ वटा देशसँग सडक सञ्जालले जोड्ने अभियानसहित काम गरिरहेकोले नेपाल सरकारलाई सडक क्षेत्राधिकार भित्रका संरचना हटाउन चर्को दवाब परेको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० भदौ १५ गते शुक्रबार १ सेप्टेम्बर २०२३ । द्वितीया, भाद्र कृष्णपक्ष । गुँलागा ११४३ ने.सं. । सूर्योदय ५:४३, सूर्यास्त ६:२३ । रोपाई जात्रा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विवाद हुन सक्ने | **तुला** | : व्यापारबाट फाइदा हुनेछ |
| **वृष** | : मनलाई नियन्त्रण गर्नुपर्नेछ | **वृश्चिक** | : मन प्रशन्न हुने देखिन्छ |
| **मिथुन** | : आफन्तको सहयोग मिल्नेछ | **धनु** | : नयाँ काम गर्न जागर आउनेछ |
| **कर्कट** | : यात्राको लागि राम्रो समय छ | **मकर** | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ |
| **सिंह** | : सोचेजस्तो सहयोग मिल्नेछैन | **कुम्भ** | : पढाइमा सहयोग मिल्नेछ |
| **कन्या** | : समय पूजापाठमा बित्नेछ | **मीन** | : रिसाउने बानीले हानि पुग्नेछ |

# समाजवादी मोर्चा समयको बर्बादी मात्रै नहोस्



✍ मनिकर कार्की

गएको असार ४ गते नेपालमा तीन कम्युनिष्ट पार्टी र एक समाजवादी पार्टीबीच 'समाजवादी मोर्चा' घोषणा भयो । 'समाजवादको नेपाली बाटो' तय गर्ने लक्ष्यका साथ नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी नेपाल, नेकपा एकीकृत समाजवादी र विप्लव नेतृत्वको नेकपाबीच 'समाजवादी मोर्चा' घोषणा भएको हो ।

हरबखत नयाँ प्रयोगको सिद्धान्तलाई उधिनिरहेको नेपाली राजनीतिले कम्युनिष्ट र गैरकम्युनिष्ट दलबीच 'मोर्चा' निर्माण भएसँगै जनमानसमा पनि एक खालको सन्देहमूलक र प्रश्नवाचक उद्गार देखा परेको छ । संभवत: समाजवादी मोर्चाको विशेषता, कठिनाइ र प्रश्न पनि एउटै हो - फरक विचार, दृष्टिकोण र राजनीतिक कार्यदिशा अँगाल्ने पार्टीहरूबीचको मोर्चाबन्दी कहिलेसम्म टिक्ला ?

यो यक्ष प्रश्नको उत्तर अहिले नै भेटिँदैन । मोर्चामा आबद्ध दलहरूबीचको सहकार्यले भविष्यमा कस्तो स्वरूप ग्रहण गर्ला ? त्यसैमा उक्त प्रश्नको उत्तर अन्तरनिहित छ । तथापि राजनीतिमा गरिने अनेकन् प्रयत्नमध्ये समाजवादी मोर्चा निर्माणको प्रयत्नलाई पनि एउटा असल नियत सहितको प्रयत्न भने मान्न सकिन्छ । किनकि 'जुट'को प्रयत्न 'फुट'को नियतिभन्दा सही नै हुन्छ । त्यसैले समाजवादी मोर्चामा आबद्ध दलहरूको यो राजनीतिक सहकार्यलाई अस्वीकार गरिहाल्नुपर्ने आवश्यकता छैन ।

तथापि अहिलेको जल्दोबल्दो चासोको विषय बनेको हाम्रो अर्थराजनीति सुहाउँदो समाजवादी राज्यव्यवस्थाको मोडेल कस्तो हो ? के भयो भने समाजवाद हुन्छ ? संविधानको प्रस्तावनामा परिकल्पना गरिएको समाजवाद, दलहरूले भन्ने गरेका समाजवाद र जनताले अपेक्षा गरेको शासनसत्ता एउटै हो ? यी केही प्रश्नको भने सामना गर्नैपर्छ ।

समाजवादी मोर्चामा आबद्ध दलहरूले मुलुकको नयाँ संविधान २०७२ ले परिकल्पना गरेको 'समाजवादउन्मुख अर्थ-राजनीति'को 'रोडम्याप' तयार गर्नकै लागि 'समाजवादी मोर्चा' निर्माण गरेको दाबी गरेका छन् । समाजवादी मोर्चाको घोषणापत्रको प्रस्तावनामा मोर्चा गठनको उद्देश्य पुष्टि गर्ने प्रयत्न गर्दै भनिएको छ- 'देशलाई अग्रगामी निकास दिन समाजवादी शक्तिहरूको एकताबद्ध पहलकदमी आवश्यक रहेकोले संविधानको रक्षा, कार्यान्वयन, समयसापेक्ष संशोधन, परिमार्जन र विकासका साथै शान्ति प्रक्रियाका बाँकी कामहरूको पूर्णता र संघीय शासन प्रणालीमा आधारित समतामूलक, न्यायपूर्ण, विभेदरहित समाजवादी गणतन्त्रात्मक व्यवस्था स्थापना गर्ने ।'

त्यसैले आजको आवश्यकता र अपरिहार्यता अनुभूति गरेर नेपाली परिवेश सुहाउँदो समाजवादी राज्यव्यवस्थाको स्वरूप र बाटो तय गर्ने आफैंमा पवित्र लक्ष्य नै हो । तथापि संसदीय अभ्यासमा रहेका तीन दल र संसदीय व्यवस्था विरुद्ध संघर्ष गरिरहेको विद्रोही शक्ति नेकपालाई जोड्ने रसायनबारे भने चौतर्फी अनभिज्ञता प्रकट गरिएको छ ।

निश्चय नै यसलाई आवश्यकताको सिद्धान्तले पुष्टि गरेको तर्क गर्न सकिन्छ । किनकि अहिले मूलत: नेपालका कम्युनिष्ट पार्टीहरूले पनि समाजवादी राजनीतिक गन्तव्यलाई अंगीकार गरिसकेका छन् भने समाजवादी शासन व्यवस्थाभन्दा अगाडिको 'साम्यवादी सपना'प्रति मोहभंग हुँदै गएको अनुभूति गर्न सकिन्छ । तत्कालै कम्युनिष्ट पार्टीहरूले आफ्ना रणनीतिक दस्तावेजहरूबाट 'साम्यवादी' गन्तव्य हटाइहाल्न सक्ने अवस्था नभएकोले मध्यमार्गको रूपमा नयाँ समाजवादी गन्तव्यसँग साझेदारी सम्भव देखिएको हो ।

यसर्थ, समाजवादी मोर्चा निर्माणको प्रयत्न यसै पनि एक राजनीतिक पहलकदमीको रूपमा स्वीकृत भइसकेको देखिन्छ । वैश्विक परिवेशसँग तुलना गर्दा पनि यो गन्तव्य वस्तुनिष्ठ नै देखिन जान्छ । दार्शनिक रूपमा आदर्शवाद र भौतिकवाद दुई ध्रुव एवं राजनीतिक वैचारिक रूपमा साम्यवाद र पूँजीवादबीचको वैचारिकी पनि समाजवाद नै हो ।

त्यसैगरी आर्थिक कार्यक्रम अनुरूप साम्यवादी व्यवस्थाको राज्य नियन्त्रित अर्थतन्त्र र पूँजीवादी व्यवस्थाको खुला बजार अर्थतन्त्रबीचको गतिशील र व्यावहारिक अर्थतन्त्रको स्वरूप पनि 'सामाजिक बजार अर्थतन्त्र' नै हो । अर्को कुरा नेपालको अर्थराजनीतिक परिवेशले पनि नयाँ भरपर्दो र विश्वसनीय विकल्पको खोजी गरिरहेको छ । त्यो विकल्प पनि समाजवादी गन्तव्य नै भएकोले यो निर्माणको असल प्रयत्नलाई दुत्कार्नुपर्ने आवश्यकता छैन ।

अब अलिकति समाजवादको चर्चा गरौं । पारम्परिक परिभाषा अनुरूप समाजवादी व्यवस्था साम्यवादमा पुग्ने माध्यम हो, जसको प्रस्थानविन्दु पूँजीवादको विकास हो । कम्युनिष्ट साम्यवादीहरूले गर्ने परिभाषा अनुरूप मूलभूत रूपमा राज्यका आर्थिक तथा सामाजिक सम्बन्ध र साधनहरूको स्वामित्व समाज वा राज्यले लिने व्यवस्था नै समाजवादको पारम्परिक परिभाषा हो ।

जहाँ अर्थतन्त्रको संचालन तथा नियन्त्रण राज्यले गर्छ । उत्पादन, उत्पादनका साधन र वितरणको प्रक्रियामा समाज वा राज्य नै निर्णायक हुन्छ । समाजका आर्थिक तथा सामाजिक सम्बन्धहरूको सर्जक राज्य हुन्छ । राज्यबाट निसृत अर्थ-राजनीतिक व्यवस्था नै पारम्परिक अर्थको समाजवाद हो ।

२०औं शताब्दीको मध्यसम्म विश्वका धेरै देशमा साम्यवादउन्मुख समाजवादी अर्थ-राजनीतिको दबदबा थियो । तथापि त्यो व्यवस्थाले दीर्घायु प्राप्त गर्न सकेन । २०औं शताब्दीको अन्त्यसम्म आइपुग्दा विश्वका स्थापित साम्यवादउन्मुख समाजवाद ढल्यो । आखिर किन ढल्यो ? के हिजोको साम्यवादउन्मुख समाजवाद आफैंमा साँघुरो थियो ? जुन लोककल्याणकारी राज्यव्यवस्था अवलम्बन गर्दैगर्दा पनि ढल्यो ?

अथवा त्यसले आम मान्छेको सिर्जनशीलतालाई स्वीकार गर्न सकेन र ढल्यो ? अथवा समाजवादले बेढंगसित सामूहिकताको मात्र कुरा गर्दा विविधतायुक्त मान्छे कथित भेडाबाख्राको बथान हुन चाहेन र समाजवाद ढल्यो ?

अथवा समाजवादी व्यवस्था त राम्रै थियो, तर शासकहरूको असाध्यै ठूलो शासकीय महत्वाकांक्षा र निरंकुशताका कारण ढल्यो ? अथवा त्यो व्यवस्था जनताको अभिमतबाट अनुमोदित थिएन र ढल्यो ? अथवा पूँजीवादी हमलाको शिकार भएरै २०औं शताब्दीको उत्तरार्द्धमा समाजवादी खम्बा ढल्यो ?

कारण जेसुकै होस्, हिजोको समाजवादी खम्बा ढलेको साँचो हो । हिजो विश्वभर झण्डै चार दर्जन देशहरूले समाजवादको झण्डा फहराएका थिए, आज त्यो संख्या कम्युनिष्ट पार्टी नेतृत्वको नेपालको सरकारलाई छाडेर ५ मा सीमित छ । किन ?

यसको मुख्य कारण भनेकै हिजोको 'साम्यवादउन्मुख समाजवाद'मा लोकतन्त्र थिएन त्यसैले त्यो ढल्यो । त्यो हिजोको समाजवाद आफैंमा राजनीतिक गन्तव्य थिएन, त्यसैले त्यो ढल्यो । त्यो केवल साधन थियो, साध्य थिएन, त्यसैले ढल्यो ।

यो व्यवस्था आवधिक रूपले जनअनुमोदित थिएन, त्यसैले त्यो ढल्यो । यसर्थ, आज समाजवादको कुरा गर्दैगर्दा मूलत: यसलाई नै राजनीतिक ध्येय र लक्ष्य मानेर व्यवहार गर्दै त्यसका अर्थ-राजनीतिक कार्यक्रमहरूसँग एकाकार हुनु जरूरी छ । समाजवादको गन्तव्य सेट गर्दैगर्दा हामीले परिकल्पना गरेको समाजवादको अन्तर वस्तु के हो ? कस्तो समाजवाद हो ?

यसका अन्तरवस्तुहरूबारे समान धारणा र बुझाइ निर्माण हुनु जरूरी छ । त्यसो त नेपालका सबैजसो राजनीतिक दलहरू समाजवादी व्यवस्थाकै पक्षपाती झैं देखिन्छन् । तर, यसको अन्तर्यको बुझाइमा भने निकै ठूलो अन्तर देखापर्दछ ।

नेपाली कांग्रेसले भन्ने गरेको समाजवाद र कम्युनिष्टहरूले भन्ने गरेको समाजवाद पक्कै पनि एउटै होइन । अनि नयाँ विकल्प दिन भन्दै उदाएका दलहरू पनि समाजवादी अर्थ-राजनीतिका कुरा गर्न थालेका छन् । ती दलहरूको समाजवादप्रतिको बुझाइ र उनीहरूको अर्थ-राजनीतिक रूपान्तरणको कार्यदिशा पनि समान नहुन सक्छ ।

यसर्थ, चलनचल्तीमा प्रयोग गरिने समाजवाद केवल आवरण र नारा मात्रै प्रतीत हुन्छ । त्यो केवल किताबको गाता हो, समग्र किताब होइन । किनकि किताब हुनको लागि विषयवस्तु चाहिन्छ, अन्तरवस्तु चाहिन्छ । समाजवादी मोर्चाले त्यही अन्तरवस्तु पर्गेल्ने काम गर्न सक्छ । विगतमा पार्टीहरूका लागि समाजवाद एउटा दु:खद् बिम्ब बन्यो जुन भन्नैपर्ने, देखाउनै पर्ने र भट्याउनैपर्ने हुनगयो । हो, अहिले समाजवाद भन्नका लागि, बोलनका लागि र लेख्नका लागि मात्र तयार गरिएको शब्दजाल बन्न पुगेको छ ।

चरम दक्षिणपन्थीदेखि क्रान्तिकारीहरू सम्मले समाजवादकै फुर्को समातेर राजनीतिक विचारधारा निर्माण गरिरहेका छन् । त्यसैले अब बहसको डाइनामिक्स आवश्यक छ कि छैनतिर होइन, यसका अन्तरवस्तुतर्फ सोझिनुपर्छ । कस्तो समाजवाद ? त्यो समाजवादमा के के हुन्छ ? अनि कसरी आउँछ त्यस्तो समाजवाद ? यी यावत् प्रश्नहरूको उत्तर खोज्दै यसप्रति समान धारणा निर्माणका लागि समाजवादी मोर्चा जरूरी भएको हो ।

खासमा जुनसुकै व्यवस्था अवलम्बन गर्न र त्यसलाई आम रूपमा स्वीकार्य बनाउनका लागि जनताको बलमा शक्ति आर्जन गर्नु अपरिहार्य हुन जान्छ । लोकतान्त्रिक युगमा त्यो शक्ति प्राप्त गर्ने आधार भनेको जनताले दिने मत नै हो । आवधिक निर्वाचन मार्फत प्राप्त हुने जनमत नै सबैभन्दा ठूलो राजनीतिक शक्ति हो । त्यसैले त्यो शक्ति आर्जन गर्नका लागि पनि राजनीतिक लक्ष्यप्रतिको एकाग्रता जरूरी छ । समान धारणा र बुझाइ जरूरी छ ।

संविधानमा समाजवाद उन्मुख भनेर त लेखियो, तर किन लेखियो ? कस्तो अर्थ-राजनीतिक चरित्र समाजवाद उन्मुख हो ? कस्तो अर्थतन्त्र समाजवाद उन्मुख हो ? समाजवादको यात्राका लागि कस्तो नीतिगत रिभ्यू जरूरी हुन्छ ? देशको आर्थिक, सामाजिक अनि राजनीतिक संरचनामा कहाँनेर परिवर्तन हुनुपर्छ ?

समाजवादको शिक्षा र स्वास्थ्य कस्तो हुन्छ ? सामाजिक सुरक्षा कस्तो हुनुपर्छ ? राज्यको कल्याणकारी भूमिका कस्तो हुनुपर्छ ? विभेद विरुद्ध कस्तो नीति ल्याउने ? समावेशितालाई कसरी कार्यान्वयन गर्ने ? न्यायपूर्ण समाज कसरी बन्छ ?

उत्पादन र त्यसका साधनहरूको व्यवस्थापन कसरी गर्ने ? समाजवादी अर्थतन्त्रको चरित्र कस्तो हुन्छ ? यी यावत् प्रश्नको सही र वस्तुनिष्ठ उत्तर नखोज्दासम्म हामीले भन्ने गरेको समाजवादको स्वरूप प्रष्टिँदैन ।

त्यसैले २०औं शताब्दीको अन्त्यतिर नै अवसान भएको 'साम्यवादी सपना'को रुझानबाट ब्युँझेर अब आजको नयाँ समाजवादलाई नै राजनीतिक गन्तव्य ठानी यो लक्ष्य प्राप्तिका लागि सम्पूर्ण समाजवादी शक्तिहरूबीच एकताबद्ध पहलकदमी हुनु जरूरी देखिन्छ ।

साम्यवादको सपना अब केवल साहित्यमा मात्रै सम्भव देखियो, जीवन व्यवहारमा यो अव्यावहारिक र असम्भव हुँदै गयो । मूलत: पारम्परिक प्रकृतिको 'कम्युनिष्ट' शासनले सत्यमाथि कायम गर्न खोज्ने एकाधिकारको चाहनाकै कारण विश्वबाट साम्यवादी शासन व्यवस्था टिक्न सकेन । जुनसुकै शासन व्यवस्था यदि जनताबाट अनुमोदित हुँदैन र जनताको निगरानीमा रहँदैन भने ढिलो या चाँडो त्यसको अन्त्य अवश्यंभावी हुनेछ । त्यसैले आजको युग सुहाउँदो समाजवादी शासन व्यवस्थाको अन्तर्यबारे चर्चा गर्दैगर्दा लोकतन्त्रलाई केन्द्रमा राख्नु अपरिहार्य हुनेछ ।

विगतमा मार्क्सवादलाई अर्थ-राजनीतिक दर्शनको रूपमा मात्र हेरियो । श्रम, अतिरिक्त मूल्य, मुनाफा, पूँजीकै वरिपरि मात्र मार्क्सवादलाई बुझ्ने र बुझाउने चेष्टा भयो । वास्तवमा यो दृष्टिकोण आफैंमा पूर्ण थिएन, होइन । मान्छे अर्थको अलावा अरू पनि हो । मान्छेमा अन्य व्यक्तिगत एवं सामूहिक आवश्यकता र चाहना, भावना र पहिचान पनि हुन्छ । तर, त्यतातिर पटक्कै ध्यान दिइएन ।

यसकारण अब मानव जातिका प्रेरणाका विभिन्न स्रोतलाई अंगीकार गर्दै विकास, समृद्धि, उन्नति र प्रगतिको मार्ग अवलम्बन गर्नका लागि नयाँ समाजवादी मार्गलाई नै राजनीतिक गन्तव्यको रूपमा व्यवहार गरिनुपर्दछ ।

इतिहासका विभिन्न कालखण्डमा अभ्यासमा ल्याइएका र ल्याउन प्रयत्न गरिएका समाजवादी शासन व्यवस्था आफैंमा विचार र व्यवहारबीचको अन्तरविरोधमा फसेकाले ती सफल हुन सकेनन् । यसर्थ, अब व्यक्तिको निजत्व सहितको सामूहिकतालाई प्रोत्साहन गरिने संघीय स्वरूपको समुन्नत समाजवादलाई नै नयाँ राजनीतिक गन्तव्य ठानेर त्यसका नीति कार्यक्रमहरू तय गर्नुपर्दछ । अहिलेसम्मको राजनीतिक अभ्यासमा आम मतदातालाई दलीयकरण मात्रै गरियो । आम नागरिकलाई कुनै अमूक पार्टीको सदस्य बनाउने चेष्टा मात्र भयो । जुन परिपाटी आलोचनात्मक चेत भएको नागरिक उत्पादन गर्ने प्रक्रियामा गलत हो ।

त्यसैले समाजवादी मोर्चाले विगतका गल्ती-कमजोरी र बुझाइमा भएका त्रुटिहरूलाई सच्याउँदै नयाँ समाजवादी व्यवस्थाको अर्थ-राजनीतिक कार्यक्रम निर्माण गर्न जरूरी छ । र, त्यो कार्ययोजना लागु गर्नका लागि लोकतान्त्रिक पद्धतिबाट शक्ति आर्जन गर्न आवश्यक हुन्छ । त्यो शक्ति प्राप्तिका लागि अब नयाँ समाजवादलाई नै राजनीतिक अभीष्ट, लक्ष्य र गन्तव्य ठानेर व्यवहार गर्नु जरूरी छ ।

जसका लागि अहिले निर्माण भएको समाजवादी मोर्चाले आगामी निर्वाचनमा दलीय ब्रान्ड र मोह त्यागेर समाजवादी मोर्चाकै 'एकल चुनाव चिह्न' लिएर निर्वाचनमा होमिएर शक्ति आर्जन गर्ने लक्ष्य निर्धारण गर्नुपर्दछ । अन्यथा, पारम्परिक ढंगले कम्युनिष्ट विरासतकै भारी बोकेर कहींकतै पुगिँदैन । साम्यवादको ब्यागेज बोकेर गरिने जुनसुकै नामको यात्रा केवल समयको बर्बादी मात्रै साबित हुनेछ ।

*(साभार: अनलाइनखबर)*

# मैले नजिकबाट देखेकी ती देउकी

✍ सरिता जोशी

मेरो विद्यालयनजिकै देउकी सीता (नाम परिवर्तन)को सानो घर थियो । जुन घरमा उनी र उनका पाँच सन्तान बस्थे । यौनशोषण, बलात्कारजस्ता जघन्य अपराधबाट जन्मिएका सन्तानलाई उनले बाबु चिनाउन सकिनन् ।

देउकी अर्थात् डोटी, बैतडीतिरको प्रचलन अनुसार देवताको चेलीका रूपमा आजीवन अविवाहित रहने नारी । हाम्रो गाउँ नजिकैको अर्को गाउँका कथित उच्च जातहरूले बिहेवारी चल्ने अर्को गाउँको गरिब परिवारकी छोरी सीतालाई किनेर कुलदेवताको मन्दिरमा चढाएका थिए । उमेरले पाकै देखिने सीतालाई आफ्नो जन्ममिति थाहा थिएन । हामीले उनलाई सीता'दी भन्थ्यौं । उनी धेरैकी दिदी अर्थात् सीता'दी थिइन् । आज सीता'दी खसेको चार महिनाजति भयो । समाजका विभेदकारी प्रथाहरूतिर घोत्लिँदै गर्दा यतिखेर सीता'दी मेरो स्मृतिमा नाचिरहेकी छन् ।

परापूर्वकालदेखि चल्दै आएको प्रचलन ठानेर देउकीप्रथालाई स्वाभाविक ठान्ने गाउँलेहरू छँदै छन् । यस्तो लाग्छ, यी गाउँलेले सतीप्रथा भएको भए त्यसलाई पनि सही ठान्थे । सीता'दीको जीवन दर्दनाक थियो भन्ने मैले नजिकबाट महसुस गरेकी छु । विद्यालय जाँदा, मेलापात गर्दा, खेतबारीमा काम गर्दा, पानीघट्ट जाँदा आक्कलझुक्कल सीता'दीसँग मेरो भेट भइरहन्थ्यो । हामी कथित ठूलो जात (बाहुन) भएकाले सीता'दीले भेट्दैपिच्छे हामीलाई ढोग्थिन् अर्थात् शिर झुकाएर दण्डवत गर्थिन् । उनले ढोग्दा मलाई असहज त लाग्थ्यो तर समाजको चलनको विरोध गर्न सक्दिनथेँ ।

जुन गाउँ वा समुदायले किनेर देवतालाई चढाएको हो, उही गाउँसँग आश्रित भएर देउकीले गुजारा गर्नुपर्थ्यो । त्यस गाउँभन्दा अयन्त्र गए देवता रिसाएर अनिष्ट हुन्छ भन्ने मान्यता थियो र छ । उनको जिम्मेवारी हुन्थ्यो – मन्दिरको सरसफाइदेखि गाउँलेको घरमा पूजापर्व पर्दा सरसफाइ गरिदिनु, मन्दिरको प्रांगण वा गाउँमा बास मागेर बस्नु । यसरी नै उनको जीविका चल्थ्यो ।

गाउँलेले दिएको खानेकुरा र लुगाफाटोले मात्रै जीविकोपार्जन गर्न उनलाई मुस्किल पर्थ्यो । गरिखान उनीसँग खेतबारी वा सीप थिएन । ज्याला-मजदुरीबाट आउने चामल-मकै आदिले गुजारा चलाउँथिन् । आफ्नो गाउँभन्दा परवरका गाउँमा पुगेर खाद्यान्न र लुगाफाटा माग्दै हिँड्थिन् । खासगरी हरेकपल्ट बाली भित्र्याउने बेला उनी गाउँलेका दैलो दैलो टेक्थिन्, उनीहरूले दिएको अलिकति अन्न घरमा ल्याएर भण्डारण गर्थिन् । हरेक वर्ष बाली भित्र्याउने बेला उनी हाम्रो घरमा पनि आउँथिन् । कैयौंपटक मेरै हातले उनलाई केही अन्न दिएकी छु ।

विद्यालयनजिकै घर भए पनि सीताका सन्तानलाई स्कुल समुद्रपारिजस्तै थियो । उनीहरू त्यहाँ भर्ना हुन सक्दैनथे, कारण बाबुको पहिचान नहुनु । यही आधारमा उनीहरूलाई समाजका अन्य केटाकेटीले गिज्याउने र खसालेर बोल्ने गर्थे । ०५०/५१ सालतिर जन्मिएको एउटा मात्र छोरोले भने भर्ना भएर ४/५ कक्षासम्म औपचारिक शिक्षा हासिल गरेको मैले देखेँ ।

ती छोराको नागरिकता बनाउने उमेर भइसकेपछि देउकी चढाएको समुदायमा एकाएक खैलाबैला मच्चिएको थियो । अन्तत: समाजका ठुलाठालु भनाउँदाले षड्यन्त्रपूर्ण एक निम्न वर्गीय पुरुषलाई बलिको बोको बनाए । नागरिकताकै लागि ती पुरुषलाई सीताको पति र सीताले जन्माएको छोराको पिता बनाइयो, तर यो सम्बन्ध कागजी रूपमा मात्रै देखियो । आफ्नै श्रीमती र सात सन्तानलाई हेर्नुपर्ने ती पुरुषले सीता र सीताका छोरालाई हेरेनन्, हेर्न सक्ने अवस्था र हेर्नैपर्ने कर्तव्य पनि थिएन ।

सीताका छोरा जीविकोपार्जनका लागि भारतका विभिन्न ठाउँहरूमा गएर ज्याला मजदुरी गर्थे । अहिले सडक दुर्घटनामा परी खुट्टामा समस्या भएकाले घरमै बसेका छन् ।

मेरो विवाह डडेल्धुरामा भयो । मेरो एउटा सपना थियो – सीता'दीसँग कुरा गरेर र केही अनुसन्धान गरेर सम्पूर्ण कथा लेख्ने तर असमयमै उनको मृत्यु भएकाले मेरो त्यस सपनाको पनि मृत्यु भयो । यद्यपि कति कुरा आफूलाई थाहा हुँदाहुँदै पनि यहाँ लेख्न असमर्थ छु । कारण, देउकीहरूको कथा लेख्न सहज छैन । देउकी चढाउने समुदायका व्यक्तिबाट गाली, धम्की वा आक्रमणकै सामना गर्नुपर्ने हुन्छ ।

फेरि पनि नेपाली मिडियामा देउकीका कथा आइरहेकै छन् । १२ जेठ २०७३ मा कान्तिपुर दैनिक पत्रिकामा 'धर्मको खोलभित्र यौनशोषण कहिलेसम्म ?' शीर्षकको रामेश्वरी पन्तको लेख प्रकाशित भएको थियो । पन्तले लेखेकी छन्, 'बैतडी जिल्लाको मेलौली लगायत विभिन्न शक्तिपीठमा अझै पनि कन्या चढाउने र चढाइएका कन्यालाई पुजारी लगायतले साझा भोग्या बनाउने 'देउकी' प्रथा कायमै रहेको सुन्दा जोकोहीलाई आश्चर्य लाग्न सक्छ ।'

### देउकी प्रथा

नेपाल सांस्कृतिक पर्व, चालचलन, वेशभूषा र रहनसहनका दृष्टिकोणले निकै समृद्ध छ । विभिन्न भू-भागमा फरक-फरक किसिमका सांस्कृतिक चालचलन र रहनसहन परापूर्वकालदेखि वर्तमान अवस्थासम्म प्रचलनमा छन् । नेपाली खासखास समाजमा झुमा, देउकी, देउको, छाउपडी, झारा, डोलाजी, घुम्टो, बहुपति आदिजस्ता कुप्रथा थिए, जसको अवशेष अझै पनि देखिन्छ ।

सभ्यताको जननी हो संस्कृति, यसको संरक्षण, संवर्द्धन, प्रचारप्रसार र जगेर्ना गर्नु हामी सबैको साझा दायित्व हुन आउँछ, तर संस्कृति सँगसँगै समाजमा कैयन् विकृति, विसंगति र कुप्रथाले वर्तमान समयसम्म जरो उखेल्नै नसक्ने गरी गाडेर बसेका छन् । यस्तै, एक कुप्रथा हो – सुदूर पश्चिम प्रदेशको खासगरी पहाडी जिल्लाका विभिन्न मठ-मन्दिरमा कुमारी केटी चढाउने अर्थात् देउकी प्रथा ।

*(साभार: रातोपाटी)*

# पाकिस्तानविरुद्ध नेपाल : ऐतिहासिक खेलमा थोरै मज्जा, थोरै खल्लो

काठमाडौं/एकदिवसीय क्रिकेटमा विश्वकै पहिलो वरियताको टिम । उसकै घरेलु मैदान मुल्तान क्रिकेट रंगशाला ।

एसिया कपको पहिलो खेलमा बुधबार नेपालले पाकिस्तानसँग खेल्दा गुमाउनु केही थिएन । जित्नु थियो त ठूलो टिमहरुसँग पनि नेपालले सम्मानजनक खेल खेल्न सक्छ भन्ने विश्वास ।

मुल्तान क्रिकेट रंगशालामा भएको खेलमा २३८ रनको फराकिलो हार व्यहोर्ने क्रममा नेपालले थोरै आत्मविश्वास देखाएको छ । अनि अझै काम गर्नुपर्ने पनि देखिएको छ । 'यो हाम्रा लागि एउटा उत्सव हो' नेपालका पूर्व कप्तान ज्ञानेन्द्र मल्ल भन्छन्, 'बलिङतर्फ सुरुको २५/३० ओभर हामीले त्यो मज्जा लियौं । ब्याटिङतर्फ हामीले लिनुपर्ने जति मज्जा लिन सकेनौं ।'



टस जितेर ब्याटिङ रोजेको पाकिस्तानले फाखर जमान र इमाल उलहकलाई ओपनिङमा पठायो । अनुशासित बलिङ गरेको नेपालले उनीहरुलाई दबावमा राखे । छैटौं ओभरको तेस्रो बलमा करण केसीले जम्मान असिफ शेखको हातबाट क्याच गराए भने सातौं ओभरको पहिलो बलमा कप्तान रोहितकुमार पौडेलले डाइरेक्ट हिटमार्फत इमाम उल हकलाई रन आउट गराए । इमामले त्यसअघि जीवन दान पाए पनि त्यसको लाभाग उठाउन सकेनन् ।

इमाम आउट हुँदा पाकिस्तानको स्कोर २५/२ थियो । त्यसपछि कप्तान बाबर आजमले नयाँ ब्याट्सम्यान मोहम्मद रिजानसँग मिलेर पारी सम्हाल्ने प्रयास गरे । २४औं ओभरको चौथो बलमा दीपेन्द्र सिंह ऐरी एत्कृष्ट फिल्डिङ गर्दै त्यो साझेदारी तोडे, उनले ४४ रनमा खेलिरहेका रिजवानलाई रन आउट गरे । नयाँ ब्याटर सलमान आगा थप १३ रन जोड्दा सन्दीप लामिछानेको बलमा कुशल भुर्तेलको हातबाट क्याच गराए ।

नेपालको अनुशासित बलिङका कारण विश्वका नम्बर वान ब्याट्सम्यान बाबर पनि खुलेर खेल्न सकिरहेका थिएनन् । २९ औं ओभरको दोस्रो बलमा अर्धशतक पूरा गरेका उनले अर्को बलमा जीवनदान पाए । आफ्नै बलमा करणले क्याच लिन सकेको भए परि स्थिति फरक हुनसक्थ्यो ।

पूर्व कप्तान मल्ल त्यसलाई विकेटको आधा सम्भावना मान्छन् । 'यदि त्यो विकेट लिएको भए कम्तिमा पाकिस्तानको ६०/७० रन कम हुन्थ्यो', उनको विश्लेषण छ ।

त्यसपछि पनि विकेटको खोजीका क्रममा कप्तान रोहितकुमार पौडेलले आफूसँग भएका विकल्पहरु प्रयोग गर्ने क्रममा ३४औं ओभरको बल कुशल भुर्तेललाई थमाए । उनले दुई चौकासहित १० रन दिए । त्यही ओभरमा दुई चौका हानेका बाबर र इफ्तिखार अहमदले खुलेर खेल्न थाले । बाबर र उनले बाउन्ड्री हान्न लागे । यद्यपि ४० ओभरको समाप्तीमा पाकिस्तानको स्कोर २१३/४ मात्र थियो ।

तर अन्तिम १४ ओभरमा नेपालले १२९ रन दियो । ४१औं ओभरको दोस्रो वलमा करिअरको १९औं शतक बनाएका बाबरले ४८औं ओभरको अन्तिम बलमा एक रन लिँदै १५० रन पूरा गरे । अनि इफ्तिखारलाई करिअरको पहिलो शतक बनाउन साथ दिए । उनले ४९औं ओभरको पाँचौं बलमा करणलाई चौका हान्दै १०० रन कटाए ।




पाकिस्तानी कप्तान बाबर करिअरकै सवार्धिक रन बनाउने सम्भावनालाई भने सोमपालले तोडे । अन्तिम तेस्रो बलमा उनी १५१ रनमा आउट भए र इंग्ल्याण्डविरुद्ध २०२१ मा बनाएको १५८ रनको स्कोरलाई भेट्टाउन पाएनन् । अन्तिम बलमा शाबाद खानलाई पनि आउट गर्दै सोमपालले आफ्नो नाममा २ विकेट लेखाए ।

तर पाकिस्तानले ५० ओभरमा ६ विकेट गुमाएर ३४२ रनको विशाल स्कोर बनाउन सफल भयो । डेथ ओभरको बलिङमा केही कमजोरी र दुई डाइरेक्ट हिटका बाबजुद ग्राउण्डमा भएका केही मिसफिल्डले पनि त्यो अवस्था बन्यो । खेलका क्रममा कुनै बेला मैदानमा नेपाली खेलाडीको प्रदर्शन उत्कृष्ट देखिन्थ्यो भने कुनै बेला तिनै खेलाडीमा हडबडाहट देखिन्थ्यो ।

'डेथ ओभरमा हामीले राम्रो गर्न सकेनौं' पूर्व क्रिकेटर एवं प्रशिक्षक राजु बस्न्यात भन्छन्, 'ठूलो खेलको दबाब, त्यहाँको वातावरणले गर्दा पनि खेलाडीहरु थाके जस्तो लाग्यो । त्यसैले बलिङमा भन्नु केही छैन ।'

३४३ रनको विशाल लक्ष्य लिएर मैदान उत्रिएको नेपालले ब्याटिङमा भने लय समाउनै सकेन । शाहीन अफ्रिदीले पहिलो ओभरको पाँचौं बलमै कुशल भुर्तेलको विकेट लिए भने अर्को बलमा कप्तान रोहित पौडेल आउट हुन पुगे ।

अर्को ओभरमा नसिम शाहले आसिफ शेखको विकेट लिएपछि नेपालको अवस्था १४/३ भयो । क्रिकेट प्रशिक्षक बस्न्यात टप अर्डरका तीन ब्याट्सम्यानलाई गुमाउनु नेपालका लागि दुर्भाग्य मान्छन् । भन्छन्, 'यदि उनीहरुले राम्रोसँग सुरुवात गर्न पाएको भए सम्मानजनक स्कोर बन्थ्यो ।'

यद्यपि आसिफ शेख र सोमपाल कामीले टिकेर खेल्न प्रयास गरे । दुबैले चौथो विकेटका लागि ५९ रनको साझेदारी गरे । हरिफ राउफले त्यो साझेदारी तोडे । तर १५औं ओभरको चौथो बलमा उनले शेखलाई २६ रनमा आउट गरे ।

त्यसपछि ३१ रन जोड्दा नेपाल बाँकी सबै विकेट गुमायो र नेपाल २३.४ ओभरमा १०४ रन बनाएर अलआउट भयो । नेपालका लागि सबभन्दा धेरै सोमपालले २८ रन बनाए अरुले दोहोरो अंक समेत छुन सकेनन् ।

पूर्व कप्तान मल्लका अनुसार पेश बलरहरुसँग नियमित नखेलेकाले सजिलो थिएन । तर कतिपय बेला खेल्न जरुरी नभएका सर्टहरु खेल्दा नेपालले विकेट गुमायो । नेपालले कम्तिमा २०० रन कटाउन सकेको भए सम्मानजक स्कोर हुने भन्दै उनी भन्छन्, 'हामीले जति खेल्न सक्यौं, ब्याटिङमा त्यो देखिएन ।' प्रशिक्षक बस्न्यात पनि उत्कृष्ट बलरहरु भएको पाकिस्तानसँग खेल्ने अवसरलाई जति सहयोग गर्नुपर्ने हो, ब्याटिङतर्फ त्यति गर्न नसकेको बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'नाङ्गो गाउँ'को गीतमा मिरुनासँग रोमान्टिक दयाहाङ

काठमाडौं/'कबड्डी ४' र 'जारी'को 'रेकर्डब्रेक' सफलतापछि दयाहाङ राई र मिरुना मगरको जोडी सर्वाधिक डिमाण्डमा छ । र, दुवैले यस वर्ष केही फिल्ममा एकसाथ काम गर्दैछन् । यसबीच, उनीहरुबीच सहकार्य भएको तेस्रो फिल्म 'नाङ्गो गाउँ' भदौ २९ गतेबाट प्रदर्शनमा आउँदैछ । फिल्मको एउटा गीत र टिजर/ट्रेलर सार्वजनिक भइसकेको अवस्थामा एक गीत भने यसै हप्ता छायांकन गरिएको छ ।



तीन दिनसम्म चित्लाङ क्षेत्रमा खिचिएको 'सुन सुन सुन्दरी' बोलको गीतमा दयाहाङ र मिरुना प्रस्तुत छन् । निर्माण टिमले उपलब्ध गराएको गीत छायांकनका तीन तस्वीरमा उनीहरु रोमान्टिक भावमा देखिन्छन् । गीतमा अन्जु पन्त र एस डी योगीको स्वर, सुष्मा सिंगेदलको शब्द र सुशान्त गौतमको संगीत छ । रामजी लामिछानेले कोरियोग्राफी गरेको गीतमा आलोक शुक्लाको छायांकन छ ।

फिल्मको लेखक तथा निर्देशक दीपेन्द्र लामा हुन् । निर्देशक लामाले केही दिनमा नै गीतको भिडियो सार्वजनिक गर्ने बताए । बनिष शाहको सम्पादन रहेको फिल्मको प्रस्तुतकर्ता हिमाल शर्मा हुन् । जय श्रेष्ठ निर्माता रहेको फिल्मका कार्यकारी निर्माता रामहरि श्रेष्ठ हुन् । फिल्ममा शिशिर वाङ्देल, कर्मा, साम्राज्ञी आरएल शाह, बुद्धि तामाङ, रविन्द्र झा, विशाल पहारी आदिको पनि अभिनय छ ।

# नयाँ लुक्समा झरना, तिरुपति मन्दिरमा चढाइन् कपाल

काठमाडौं/सुन्दरी अभिनेत्रीको रुपमा कहलिएकी अभिनेत्री टर्न निर्देशक झरना थापा मंगलबार राष्ट्रपति कार्यालयमा चलचित्र विकास बोर्डद्वारा आयोजित 'राष्ट्रिय चलचित्र पुरस्कार समारोह'मा नयाँ लुक्समा देखिँदा धेरैको ध्यान खिच्यो । उनी छोटो कपालमा देखिएकी थिइन् । जसले गर्दा उनले कपाल काट्नुको रहस्यबारे धेरैले चासो राखेका थिए । खासमा उनले कपाल काटेको नभइ खौरिएकी रहेछिन् ।



उनले २ महिना अगाडि भारतको आन्द्रा प्रदेशमा रहेको विश्वकै प्रख्यात तिरूपति बालाजी मन्दिरमा कपाल चढाएको जनाइएको छ । उक्त मन्दिरमा कपाल चढाएपछि मनोकांक्षा पूरा हुने विश्वास गरिन्छ । तीर्थालुले बालाजी मन्दिरमा कपाल दान गर्दा १० गुणा बढी धन लाभ हुने र लक्ष्मीको सधैंभरि कृपा रहने विश्वास रहिआएको छ । त्यसैले झरनाले पनि उक्त मन्दिरमा कपाल दान गरेकी हुन् ।

राष्ट्रिय चलचित्र पुरस्कार समारोहमा विशेष योगदान सम्मान प्राप्त गरेकी उनी केही दिनअघि एक पत्रकार भेटघाट कार्यक्रममा भने कपाल लुकाएर प्रस्तुत भएकी थिइन् । धर्मकर्ममा आस्था र विश्वास राख्ने उनले आफ्ना हरेक फिल्मको साइत हेराएर वा पूजाआजा गरेर मात्र निर्माणदेखि प्रदर्शन गर्ने गर्छिन् । र, निर्देशनमा होमिएदेखि उनलाई फिल्मको व्यावसायिक सफलता पनि टुटेको छैन ।

झरना निर्देशित नयाँ फिल्म 'एक भगवत् गीता' आगामी भदौ २९ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । 'ए मेरो हजुर'को तीनवटा सिरिजबाट हिटमा ह्याट्रिक गरेकी उनलाई यसपटक पनि हिटको दबाब छ । पोस्टर तथा टिजरले एकखालको चर्चा बटुलिसकेको फिल्ममा सुहाना थापा, विपिन कार्की र धीरज मगरको मुख्य भूमिका रहेको छ । फिल्ममा विपिन 'ट्रान्सजेन्डर'को भूमिकामा छन् ।

# चौतर्फी दबाबपछि पक्राउ परे राहुल

काठमाडौं/नक्कली भुटानी शरणार्थी, ललितानिवास लगायतका प्रकरणपछि 'सुशासनको पक्षमा ऐतिहासिक काम' गरेको बताइरहेको सरकारका लागि विद्युतीय सिगरेट (भेप) मा लुकाएर तस्करी भएको सुनको अनुसन्धानले भने रक्षात्मक स्थितिमा पुर्‍यायो ।

सत्तारुढ माओवादी केन्द्रका उपाध्यक्षसमेत रहेका पूर्वसभामुख कृष्णबहादुर महरा र उनका छोरा राहुल मुछिएको अभियोग-पत्र जिल्ला अदालत, काठमाडौंमा दर्ता भएपछि यो प्रकरणले सनसनी मच्चायो । २७ असार २०८० मा अदालतमा आपराधिक विश्वासघात र संगठित अपराधको कसूरमा मुद्दा दर्ता हुञ्जेलसम्म यसमा महरा बाबुछोरको नाम बाहिर आएको थिएन ।

सीआईबीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको गोदामबाट सुनसहितको भेप चोरीमा संलग्न भन्सारका नायब सुब्बा रेवन्त खड्का, विचौलिया दिनेश बस्नेत, वेदप्रकाश अग्रवाल, भारतीय नागरिक साहेव राव पाण्डुङ लगायतलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको थियो ।

तर, अभियोग-पत्रमा जब कृष्णबहादुर महरा र उनका छोरा राहुलको नाम सुन ल्याउने तस्कर समूहका रुपमा उल्लेख भएको विषय सार्वजनिक भयो, त्यसपछि यो प्रकरण चर्चामा आयो । सुरुमा सीआईबी सम्पर्कका आधारमा मात्रै पक्राउ गर्न नसकिने भनेर चुपचाप बस्यो ।

गृहमन्त्री नारायणकाजी श्रेष्ठले प्रहरी नेतृत्वसँग लिएको ब्रिफिङमा पनि प्रहरी प्रमुख वसन्तबहादुर कुँवर र केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) निर्देशक किरण बज्राचार्यले तत्कालको अवस्थामा दुवैको संलग्नता पुष्टि हुने आधार नभएको बताएका थिए ।

तर, प्रमुख विपक्षी दल नेकपा एमालेले भेपमार्फत भएको सुन तस्करी प्रकरणलाई समेत मुद्दा बनाएर दुई महिनासम्म निरन्तर संसद् अवरोध गर्‍यो । सत्तारुढ नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पनि महरामाथि अनुसन्धान नभएकोमा गम्भीर आपत्ति जनाए ।

देउवाले आफ्ना पार्टीका प्रभावशाली नेता बालकृष्ण खाँण पक्राउ पर्ने तर महराको नाम किटान हुँदा पनि अनुसन्धान नगर्ने भन्दै प्रश्न मात्रै उठाएनन्, शरणार्थी प्रकरणको अनुसन्धान अधिकृतहरुलाई हटाउन समेत दबाब दिए । त्यसपछि सरकारले देउवाको इच्छा बमोजिम उपत्यका प्रहरी प्रमुख श्यामलाल ज्ञवाली र उपत्यका अपराध अनुसन्धान कार्यालयका एसएसपी डा. मनोज केसीलाई जिम्मेवारीबाट हटायो ।

त्यसपछि प्रचण्डले फेरि प्रहरी प्रमुख कुँवर, एआईजी बज्राचार्यसहितलाई बोलाएर ब्रिफिङ लिएका थिए । बैठकमा सहभागी एक सरकारी अधिकारीका अनुसार आफूले चलाइरहेको सुशासनको अभियान एकैपटकमा भेप प्रकरणले शून्यमा झारिदिएको भन्दै प्रधानमन्त्री प्रचण्ड भावुक बनेका थिए । प्रहरीले भने गृहमन्त्री श्रेष्ठलाई दिएकै जवाफ दोहोर्‍याउँदै मुद्दा चलाउने खालको प्रमाण नभएको दोहोर्‍याएको थियो ।

तर, भेप प्रकरण त्यत्तिकै मत्थर भएन । विपक्षी र सत्ता गठबन्धनभित्रकै तीब्र दबाब र थप आलोचनाका बीच प्रधानमन्त्री प्रचण्डले महरा बाबुछोरामाथि अनुसन्धान गर्न सीआईबीलाई निर्देशन दिए । अन्ततः पूर्वसभामुख कृष्णबहादुर महराका छोरा राहुल महरालाई प्रहरीको सीआईबीले बुधबार पक्राउ गरेको छ ।

सीआईबीका पूर्वनिर्देशक हेमन्त मल्ल ठकुरी तीब्र दबाबपछि सीआईबीले उनलाई नियन्त्रणमा लिएको देखिएको बताउँछन् । 'सत्तारुढ दलकै नेताहरुले आफ्ना नेताहरु चाहिँ टार्गेट गरेर समात्ने, तर माओवादीका मान्छे आउँदा चाहिँ चुपचाप बस्ने भनेर प्रश्न उठाएपछि प्रधानमन्त्री पनि नैतिक संकटमा परेको देखिन्छ', मल्ल भन्छन्, 'त्यही प्रेसर को नतिजा आज देखिएको हो ।'

स्रोतका अनुसार, प्रहरीले पक्राउ गर्ने छनक पाएपछि राहुल आफैं सम्पर्क गरेर महाराजगञ्ज स्थित सीआईबी कार्यालयतर्फ गएका थिए । त्यसक्रममा बाटोबाटै प्रहरी टोलीले उनलाई नियन्त्रणमा लिएर आएको सीआईबी स्रोत बताउँछ । उनलाई ५ दिन हिरासतमा राखेर अनुसन्धान गर्न सीआईबीले जिल्ला अदालत, काठमाडौंबाट म्याद पाइसकेको छ ।

**छोरा पक्राउ, महराको के हुन्छ ?**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा नियमित जाँचका क्रममा २९ माघ २०७९ मा दुई वटा सुटकेसभित्र ७३ बट्टामा रहेको ७३० थान ई-सिगरेट (भेप) बरामद भएको थियो । जाँच गर्दा त्यसमा सुन भएको थाहा पाएपछि भन्सारका नायब सुब्बाको मिलेमतोमा गोदाममा भएको भेप साटफेर गरेर ९ किलो सुन बिक्री गरेको खुलेको थियो ।

भेप साटफेर भएको थाहा पाएपछि खोजबिन गर्दा बरामद भएको भेपमा करिब ९ किलो सुन भेटिएको र त्यसलाई बिक्री गरेको अनुसन्धानबाट देखिएको थियो । यसबारे अनुसन्धान गरेको सीआईबीले बुझाएको रायसहितको प्रतिवेदनका आधारमा सुन बिक्री गर्ने र सुन किन्ने समूहविरुद्ध संगठित अपराध र आपराधिक विश्वासघात शीर्षकमा मुद्दा चल्यो ।

तर सीआईबीको ९० दिन लामो अनुसन्धान सुन तस्करी गर्ने मुख्य समूहसम्म पुगेको थिएन । बरु सुन तस्करीमा संलग्न समूहका रुपमा चिनियाँ नागरिक लुई, दावोजिन वाङ, राहुल महरा, लोकेन्द्र पौडेल, श्याम शाह लगायतको नाम राखेर सम्पर्क विवरण देखाइएको थियो । सीआईबी प्रतिवेदनमा सुन ल्याउने समूहका रुपमा महराका अर्का छोरा निर्मलको ९८५१'३८८ नम्बर पनि राखिएको थियो । तर, त्यसमा कृष्णबहादुर महराको नाम उल्लेख भएको थियो ।

सीआईबी स्रोतका अनुसार, त्यसमा त्रुटिवश कृष्णबहादुर महराको नाम परेको थियो । केहीअघि संचारकर्मीसँग कुरा गर्दै निर्मलले पनि त्यो नम्बर आफूले एक दशकअघिदेखि चलाइरहेको बताएका थिए । यद्यपि, महराले विमानस्थल भन्सार कार्यालयका अधिकारीहरुलाई फोन गरेर चिनियाँ नागरिकले राखेको सामानबारे चासो राखेको पाइएको अधिकृतहरु बताउँछन् ।

'अभियोग-पत्रमा उल्लेखित नम्बर पूर्वसभामुखको नभएपनि उनले भन्सारका कर्मचारीलाई सामानबारे चासो राख्दै फोन गरेको पाइएको छ', स्रोतले सँग भन्यो, 'भेप लिलाम गर्न उनले भनेको पाइएको छ ।'

महरा स्वयंले पनि आफूले एकपटक कर्मचारीलाई फोन गरेको स्वीकारेका छन् । दाङमा पत्रकारहरुसँग कुरा गर्दै महराले ३० साउनमा चिनियाँ नागरिकले भन्सारमा सामान रोकियो भनेपछि अधिकारीहरुसँग कुरा गरेको स्वीकारेका थिए । तर, उनले त्यो सामान सुन भएको भन्ने थाहा नभएको बताएका थिए ।

महराले वाङसँग १०/१२ वर्षदेखि चिनजान र आउजाउ रहेको भन्दै उनलाई फलफूल ब्यापारीका रुपमा चिनेको बताएका थिए । 'इलेक्ट्रिक चुरोट भेपको सामान आछ भन्सारमा छुटाउन मद्दत गर्नुपर्‍यो' भनेपछि आफूले बुझेको उनले बताएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# इन्जिनियरिङ शिक्षामा बढाइएको शुल्क फिर्ता लिने सहमति

काठमाडौं/इन्जिनियरिङ शिक्षामा वृद्धि गरेको शुल्क फिर्ता हुने भएको छ । विद्यार्थीहरुले आमरण अनशनसम्मको आन्दोलन गरेपछि त्रिभुवन विश्वविद्यालयको इन्जिनियरिङ अध्ययन संस्थानले स्नातक तहमा गरेको शुल्क वृद्धि फिर्ता हुने भएको हो ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति धर्मकान्त बाँस्कोटा र शिक्षाध्यक्ष शिवलाल भुसालसहितका पदाधिकारीले विभिन्न विद्यार्थी संगठनका प्रतिनिधिसँग बुधबार पाँच बुँदे सहमति गरेका छन् ।

जसमा इन्जिनियरिङ शिक्षामा भएको शुल्कवृद्धि फिर्ता लिन इन्जिनियरिङ अध्ययन संस्थानलाई निर्देशन दिने, विद्यार्थीका प्रतिनिधिसहित गठन हुने समितिले सात दिनभित्र नयाँ शुल्क तोक्ने सहमति पनि भएको छ ।

हाल स्थगित भएको प्रवेश परीक्षा लगायतका कार्यक्रम सञ्चालन गर्ने र आमरण अनशन लगायतका सबै आन्दोलनका कार्यक्रम फिर्ता लिने पनि सहमति पत्रमा उल्लेख छ । सहमतिपछि आन्दोलनको सबै कार्यक्रम फिर्ता गर्ने हुने केन्द्रीय अध्यक्ष दुजाङ शेर्पाले जानकारी दिए ।

शुल्क फिर्ताको माग गर्दै पुल्चोक इन्जिनियरिङ कलेजमा नेपाल विद्यार्थी संघका सुलभ चापागाईं, अखिल क्रान्तिकारीका केशव रावल, समाजवादी विद्यार्थी युनियनकी रसना यादव, अखिल क्रान्तिकारीका प्रेम सिंह आमरण अनसन बसेका थिए । इन्जिनियरिङ अध्ययन संस्थानले पूर्ण शुल्कीय तर्फको ७ लाख ७५ हजार बनाउने निर्णय गरेपछि विद्यार्थी संगठनहरुले आन्दोलन गर्दै आएका थिए ।

# मल्टीप्लेक्समा 'ऐंचो पैंचो' प्राथमिकतामा, सुखद ओपनिङको प्रक्षेपण

काठमाडौं/गत बैशाखमा प्रदर्शन भएको फिल्म 'जारी'पछि कुनै नेपाली फिल्मले घरेलू बक्स अफिसमा उत्साहजनक व्यापार गर्न सकेका छैनन् । गत असारमा प्रदर्शित फिल्म 'बगान'ले भने बजेट सानो हुँदा जेनतेन लगानी सुरक्षित गर्‍यो । अब भदौका फिल्मप्रति ठूलो अपेक्षा राखिएको छ । तर, अघिल्ला दुई हप्ताका चार नेपाली फिल्मले गरेको व्यापारले भने केही हदसम्म निराश तुल्याएको अवस्था छ ।




अब यही बिहीबार अर्थात् जनै पूर्णिमाबाट फिल्म 'ऐंचो पैंचो' प्रदर्शन हुँदैछ । 'काले केटाले' गीतका कारण चर्चामा रहेको फिल्ममा बलियो स्टारकास्ट छ । प्रचार पनि राम्रो रहेकाले फिल्मको ओपनिङ सुखद हुनसक्ने प्रक्षेपण गरिएको छ । हल व्यावसायीहरुको समेत यो फिल्मप्रति ठूलो अपेक्षा देखिएको छ । यसैले हुनसक्छ, देशका प्रायः मल्टीप्लेक्सहरुले फिल्मलाई राम्रो शो दिएका छन् ।

देशकै सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले फिल्मलाई २५ शो बाँड्दा दोस्रो ठूलो मल्टीप्लेक्स चेन आइएनआई सिनेमाज्ले दुईटा हलमा ३/३ शो दिएको छ । त्यस्तै, एफक्युब सिनेमाज् र रञ्जना सिनेप्लेक्सले ४/४ शो, वान सिनेमाज्ले ५ शो, सिके सिनेमाज्, बिएसआर र बिग मुभिजले ३/३ शो, कीर्तिपुर सिनेप्लेक्स, सिडिसी र क्यूज सिनेमाज्ले समान २/२ शो दिँदै बुकिङ खुलाएका छन् ।

निर्मात्री कृषा चौलागाईंको पहिलो निर्देशकीय फिल्ममा स्वस्तिमा खड्का, वर्षा राउत, मुकुन भुषाल, सुशिल सिटौला, कोशिस क्षेत्री, रमेश बुढाथोकी, राजाराम पौडेल, बुद्धि तामाङ, रविन्द्र झा, सरिता गिरी, विशाल पहारीलगायतको अभिनय रहेको छ । अभिमन्यू निरवीको लेखन रहेको 'ऐंचो पैंचो'मा प्रितम लामिछाने र आध्या लामिछाने निर्माता र विशाल चौलागाई सह-निर्माताको रुपमा छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

एमसीसी कार्यान्वयनमा


# हेटौंडादेखि कैलाशसम्म जग्गा अधिग्रहण प्रक्रिया अगाडि बढाइयो

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/ अमेरिकी सहायता नियोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) परियोजना कार्यान्वयन (इन्ट्री इन्टु फोर्स (ईआइएफ)मा प्रवेश गरेको छ ।

बुधवार अर्थमन्त्री प्रकाशशरण महत र एमसीसीका उपाध्यक्ष क्यामरुन एलफोर्डले ईआइएफ आदानप्रदान गरेपश्चात परियोजना कार्यान्वयन सुरु भएको हो । एमसीसी ईआइएफका लागि उपाध्यक्ष क्यामरुन एलफोर्ड मंगलबार नेपाल आइपुगेका थिए । अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा सम्झौता आदानप्रदानपश्चात पाँचवर्षे अवधिको सम्झौता सुरु भएको हो । सम्झौताअनुसार 'इन्ट्री इन्टु फोर्स' अर्थात कार्यान्वयनमा गएको ५ वर्षमा (२०८५ भदौ १३ भित्र) परियोजना सक्नुपर्ने हुन्छ । आयोजना कार्यान्वयनका लागि गठित एमसीए-नेपालअन्तर्गत विद्युत प्रसारण लाइन र सडक निर्माणसम्बन्धी आयोजना सञ्चालन हुनेछन् ।

यसैबीच, मकवानपुरमा मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए नेपाल) अन्तर्गत निर्माण हुने चार सय केभी विद्युत प्रसारण आयोजनाका लागि जग्गा अधिग्रहण प्रक्रिया सुरु गरिएको छ । विद्युत प्रसारण लाइनको रातोमाटे-हेटौंडा खण्ड अन्तर्गत सबस्टेसन निर्माण तथा थाहा नगरपालिका, कैलाश गाउँपालिका, राक्सिराङ गाउँपालिका र हेटौंडा उपमहानगरपालिकाको विभिन्न वडामा पर्ने टावरहरुको जग निर्माण गर्नका लागि जग्गा अधिग्रहण गरिने भएको छ । यसअघि मकवानपुरका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको मुआब्जा निर्धारण समितिको बैठकले जग्गा प्राप्तिका लागि प्रारम्भिक कारबाहीको प्रतिवेदनले आयोजना प्रभावितको घरधुरी सर्वेक्षण सुरु गर्न व्यवस्था मिलाउने निर्णय गरेको थियो ।




जिल्ला प्रशासन कार्यालय मकवानपुरले जग्गा अधिग्रहणका लागि २१ दिने सूचना जारी गर्दै सूचना जारी भएको मितिदेखि नै अधिग्रहण गरिने जग्गा रोक्का रहने हुँदा सो क्षेत्रमा कुनै पनि संरचना नथप्न भनेको छ । निर्माण चरणमा प्रवेश गरेको यस आयोजनाको डबल सर्किट चार सय केभी विद्युत प्रसारण लाइनका लागि ५१ नम्बर एन र ५१ र १ एन सहित ८० वटा टावर रातमाटे-हेटौंडा खण्डअन्तर्गत मकवानपुरमा निर्माण गर्ने गरी प्रस्ताव गरिएको छ । हेटौंडा उपमहानगरपालिका-३ मा निर्माण गरिने सबै विद्युत टावर सरकारी जग्गामा पर्ने छन् । साथै टावर जगमा पर्ने छुट जग्गाका कित्ताको यकिन भइसकेपछि मुआब्जा तथा क्षतिपूर्तिका लागि सूचना प्रकाशित गर्ने जनाइएको छ ।

आयोजनाअन्तर्गत रातोमाटे सबस्टेसनदेखि नयाँ हेटौंडा सवस्टेसन खण्डमा पर्ने जग्गा, सो जग्गामा रहेको घर, गोठ, टहरा, कटेरा तथा रुख, बिरुवा अधिग्रहण गरी स्थायी रुपमा जग्गा प्राप्तिको प्रक्रिया सुरु गरिएको हो । प्रजिअको अध्यक्षतामा बसेको बैठकले अधिग्रहण गर्ने जग्गा, घर, गोठ, टहरा, कटेरा तथा रुख, बिरुवाको मुआब्जा तथा क्षतिपूर्ति निर्धारण गर्ने प्रयोजनका लागि मूल्यांकन गर्न मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा एक उपसमिति समेत गठन गर्ने निर्णय गरेको छ । जग्गाको मूल्यांकनको आधार बनाएर प्रस्तावित मूल्यांकन पेस गर्न उपसमितिलाई बैठकले निर्देशन गरेको छ ।

आयोजनाका लागि आवश्यक जग्गा प्राप्ति कार्यको सिलसिलामा मालपोत तथा नापी कार्यालय, कृषि ज्ञानकेन्द्र, सहरी तथा भवन डिभिजन कार्यालय, डिभिजन वन कार्यालयलगायतका कार्यालयसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने निर्णय समितिले गरेको छ । अर्थ मन्त्रालयले जग्गा प्राप्ति गर्ने कार्यका लागि एमसिए नेपालका वातावरण तथा सामाजिक विज्ञ हरिकृष्ण उप्रेतीलाई मक्वानपुरका लागि प्रारम्भिक कारबाही चलाउने अधिकृत तोकेको छ ।

# बागमतीमा मुख्यमन्त्री र मन्त्रीहरुबीच कार्यसम्पादन सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/ बागमती प्रदेशमा मुख्यमन्त्री र मन्त्रीहरुबीच कार्यसम्पादन करार सम्झौता गरिएको छ । बुधवार मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विभागीय मन्त्रीहरुसँग सम्झौता गरेका हुन् ।

पछिल्लो समय संघीय सरकार र प्रदेश सरकारमा प्रधानमन्त्री/मुख्यमन्त्रीहरुले आफू मातहतका मन्त्रीहरुसँग कार्यसम्पादन करार सम्झौता गर्न छुटाएका छैनन् । तर, कार्यसम्पादन सम्झौताअनुसार भएगरेका कामको उपलब्धी र प्रगतिको ठोस समिक्षा भने हुने गरेको छैन । बजार खपतका लागि मात्रै गरिने यस प्रकारका सम्झौतामाथि सर्वसाधारणले नतिजा खोज्न थालेका छन् । बागमतीका पूर्वमुख्यमन्त्रीहरुले पनि मन्त्रीहरुसँग कार्यसम्पादन सम्झौता गरेका थिए । तर, सम्झौताअनुसार कार्यसम्पादनको विषयमा कुनै समिक्षा भएको पाईंदैन । मन्त्रीहरुले नै कार्यसम्पादन सम्झौतालाई गम्भीर रुपमा नलिने गरेको विगतका घटनाले देखाएको छ ।

मुख्यमन्त्री जम्कट्टेलले बजेट कार्यक्रम तथा आयोजना कार्यान्वयनको कार्यतालिका सहित मन्त्रीहरुसँग कार्यसम्पादन सम्झौता गरेका हुन् । बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि असोज मसान्तसम्म तयार गर्नुपर्ने, खरिद प्रक्रिया र टेण्डर सम्बन्धी कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयबाट भएको अख्तियारी



तथा मार्गदर्शन बमोजिम गर्नुपर्ने, कार्यसम्पादनका लागि आवश्यक सहजीकरण र अन्तरनिकाय समन्वयको लागि जिम्मेवारी दिने पदाधिकारीले सहजीकरण गर्नुपर्ने सम्झौतामा उल्लेख छ ।

यस्तै, करारको प्रभावकारी कार्यान्वयनका लागि जिम्मेवारी बहन गर्ने, सम्बन्धित पदाधिकारीले आफू मातहतका अधिकारीसँग कार्यसम्पादन गर्ने लगायतका विषयहरु सम्झौतामा समावेश छ । कार्यसम्पादन सम्झौता करारको अवधि समाप्त नहुँदै कार्यसम्पादन गर्ने/गराउने सार्वजनिक पदाधिकारी आफू पदमा बहाल नरहेमा उक्त जिम्मेवारी प्राप्त गर्ने नयाँ पदाधिकारीले सम्पादन गर्नुपर्ने व्यवस्था सम्झौतापत्रमा उल्लेख छ । जम्कट्टेलले आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा सम्पूर्ण नीतिनियम तथा कार्यविधिहरु निर्माण सम्पन्न गर्ने, दोस्रो त्रैमासिकमा योजनाहरु सम्झौता गरी कार्यान्वयनमा जाने र अन्तिम त्रैमासिक अवधिमा योजनाहरु सम्पन्न गर्ने तथा अनुगमनका काम गर्नेगरी सझौता गरेका छन् ।

बुधवार हेटौंडामा मुख्यमन्त्री जम्कट्टेलले प्रदेशका ९ जना मन्त्रीसँग कार्यगत जिम्मेवारीका विषयमा वार्षिक कार्यसम्पादन करार सम्झौता गरेका हुन् । ३ जना मन्त्री भने सम्झौता कार्यक्रममा सहभागी थिएनन् ।

मुख्यमन्त्री जम्कट्टेलले आर्थिक मामिला तथा योजना मन्त्री बहादुरसिं लामा, आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ, सामाजिक विकास मन्त्री कुमारी मोक्तान, उद्योग वाणिज्य, भूमि तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकार, भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलाल, संस्कृति, पर्यटन तथा सहकारी मन्त्री पुकार महर्जन, वन तथा वातावरण मन्त्री मसिना खड्का र स्वास्थ्य मन्त्री उत्तम जोशीसँग कार्यसम्पादन करार सम्झौता गरेका छन् ।

प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री डा. राजेन्द्रमान श्रेष्ठ, खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्री तीर्थबहादुर लामा र श्रम, रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्साल उपस्थित नभएका हुन् । मुख्यमन्त्री जम्कट्टेलले सरकारको काम कारबाहीलाई व्यवस्थित बनाउन मन्त्रीहरुसँग सम्झौता गरेको जानकारी दिए । प्रदेश सरकारबाट प्रवाह हुने सेवा तथा आयोजनालाई गति प्रदान गर्न कार्यसम्पादन सम्झौता करार महत्वपूर्ण रहने उनको दाबी छ ।

# मुस्कानसहितको सेवा दिन नगरप्रमुखको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/हेटौंडा उपमहानगरपालिकाका नगरप्रमुख मीनाकुमारी लामाले स्वास्थ्यकेन्द्रमा आउँने नागरीकलाई मुस्कान सहितको सेवा दिन निर्देशन दिएकी छन् ।

उपमहानगरमा रहेको स्वास्थ्य सस्थाहरुको आर्थिक बर्ष २०७९/८० को बार्षिक समीक्षा गोष्ठीलाई संबोधन गर्दै नगरप्रमुख लामाले सेवा लिन आएका जनतालाई निरास बनाउँने वातावरण नबनाउन सुझाब दिइन् । सेवाक्षेत्रमा रहँदा जनप्रतिनिधिको नाम राख्ने गरी काम गर्नेतर्फ ध्यानदिन आग्रह गर्दै स्वास्थ्य क्षेत्रमा रहेको समस्यालाई पालिकाले समाधान गर्ने बताइन् । उनले अहिले महामारीको रुपमा रहेको डेंगु र आँखा पाक्ने रोगको उपचारको लागि सक्रिय भएर लाग्ने, आवश्यक औषधिको व्यवस्थापन मिलाउन निर्देशन दिइन् ।

कार्यक्रममा उपमहानगरका उपप्रमुख राजेश बानियाँले बार्षिक कार्यक्रमबाट भएको उपलव्धी के हो ? भन्ने देखाउन आवश्यक रहेको बताए ।




उनले जागिरको लागि मात्र काममा होइन प्रतिफल देखिने गरी काम गर्नुपर्ने बताए । हामी जनताका लागि काममा छौं, कर्मचारीले त्यसतर्फ ध्यान दिन जरुरी रहेको उनको भनाई थियो ।

मंगलबार र बुधबार २ दिनसम्म चलेको बार्षिक समीक्षामा २३ वटा स्वास्थ्य संस्थाका प्रमुखहरुले गरेको कामको प्रतिवेदन प्रस्तुत गरेका थिए । उनिहरुले खोप, बिरामी जाँच, क्षयरोग, बृद्धि अनुगमन, पोषणलगाय स्वास्थ्य सूचकको बारेमो प्रस्तुतिकरण गरेको उपमहानगरपालिका स्वास्थ्य शाखाका सिनियर अहेब केशब तिमल्सिनाले जानकारी दिए ।

समीक्षामा हेटौंडा उपमहानगरपालिका जनस्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक भोला चौलागाईले नगरमा भएका कामको बारेमा प्रस्तुतिकरण गर्दै खोप, क्षयरोग उपचारमा राम्रो प्रगति रहेको बताए । कार्यक्रमा स्वास्थ्य सस्थाहरुमा भवन, कर्मचारी अभाब, कार्यालय व्यवस्थापन सामग्री आवश्यक रहेको प्रमुखहरुले बताएका थिए ।

# कांग्रेसभित्रको गुटबन्दीप्रति सचिव महतको चिन्ता

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/नेपाली कांग्रेस मकवानपुरका सचिव भीमसेन महतले पाटीभित्रको आन्तरिक गुटबन्दीले पाटी अगाडि बढ्न नसकेको बताएका छन् । सचिव महतले बुधबार एक बिज्ञप्ती जारी गर्दै गुटबन्दीको अन्त्य गर्ने, बिधि र पद्धतिमा चल्ने, नेपाली कांग्रेसको गरिमा बचाउने गरी काम गर्न आग्रह गरेका छन् ।

नेपाली कांग्रेस लोकतान्त्रिक मूल्य मान्यता, कानुन बमोजिम विधिको शासन, न्यायिक स्वतन्त्रताको विरासत बोकेको पाटी हो । यो पाटीले २००७ साल, २०४६ साल, ०६२/६३ को ऐतिहासिक राजनैतिक आन्दोलनको नेतृत्व गऱ्यो । सशस्त्र जनयुद्धमा होमिएको माओवादी पार्टीलाई बिभिन्न चरणको शान्तिवार्ता हुँदै लोकतान्त्रिक शासनप्रणालीमा ल्याउन सफल भएको सचिव महतले बताएका छन् ।

यो देशमा फरकफरक नाममा कम्युनिष्ट विचारका पार्टीहरुको उपस्थिति रहयो र सत्ताको नेतृत्व पनि गऱ्यो तर, पनि उनीहरु लोकतान्त्रिक प्रणाली मै आफूलाई स्थापीत गर्दै रहे । नेपाली कांग्रेसको १२ औं अधिवेशनको 'विकास र समृद्धी' को नारा नै कम्युनिष्टको नारा बन्यो । यसर्थ जसले सत्ताको बागडोर सम्हाले पनि यो देश नेपाली कांग्रेसको विचारवाट परिचालित हुँदै आएको छ र नेपाली कांग्रेस मात्र साच्चिकै लोकतन्त्रको रक्षक पाटी हो । यसर्थ हामी सबै कांग्रेसले गर्व गर्नुपर्छ-महतले बिज्ञप्तीमा भनेका छन् ।



संसारमै परिचित भारतीय स्वतन्त्रता आन्दोलनमा पनि अहम् भूमिका खेल्दै भारतमै ३ वर्ष जेलजीबन भोगेको, बहुआयमिक व्यक्तित्वका धनि जननायक वीपी कोइरालाले स्थापना गरेको हाम्रो पाटीमा प्रतिबन्धितकालमा पाटीका सबै साथीहरुलाई आफ्नो व्यक्तिगत संम्पती बाँढेर पाटी जोगाउने, पहिलो समाजवादी बजेटका प्रस्तोता शुर्वणसम्शेर, निडर निस्कलंकित महान त्यागीनेता गणेशमान सिंह, सहासी प्रवक्ता विचारमा अडिग कृष्णप्रसाद भट्टराई, सुशील कोइराला जस्ता नेताहरुले संरक्षण गर्दै, हुकाउदै यहाँसम्म आईपुगेको पाटी कांग्रेस हो र हामी यस पाटीको कार्यकता हौं सचिव महतले भनेका छन् ।

गत स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेस गठबन्धनमा गएकोले स्वभाविक रुपमा सिटहरु बाँडफाँडको क्रममा पाटीका उमेदवार हुन आकाक्षी केही साथीहरु बञ्चित भए । त्यसपछि संघ र प्रदेशको निर्वाचनमा पनि गठबन्धन मै भएकोले नेपाली कांग्रेसले संघमा १ सिट र प्रदेशमा २ सिट प्राप्त गऱ्यो । गठबन्धनवाट उम्मेदवारी दिदा नेपाली कांग्रेसको प्रतिनिधिसभा उम्मेदवार महालक्ष्मी उपाध्यायले निर्वाचन पराजयको परिणाममा भोग्नु वा प्रदेशसभा उम्मेदवार आनन्दराम पराजुलीले पराजय व्यहोर्नु परेको बिषयमा गंभीर समीक्षा गर्नुपर्ने भन्दै समिव महतले एउटै पाटीको उम्मेदवार बीच यत्रो मतान्तर कसरी आयो ? भन्ने प्रश्न गरेका छन् ।

नेताबाट नयाँ कुरा सिक्ने, संगठनलाई कसरी बलियो बनाउन सकिन्छ ? अब आउने दिनहरुमा कसरी अगाडि बढ्ने भन्ने जस्ता विषयहरु नेताहरुवाट सुन्न चाहेर घण्टौं पैदल आएका कार्यकर्तालाई निर्वाचनको मुखमा नेताहरुको अन्तरघाती आरोप प्रत्यारोपले निराश बनाएको सचिव महतले बताएका छन् । अहिले नेपाली कांग्रेसका कार्यकता सिथिल भएका छन् । यसरी पाटी संगठनको मूल आधारमा नै धक्का पुग्ने गरी किन यसो गरियो ? नियत के हो ? संगठन सबै सिद्धिए कहाँ गएर नेता बन्ने ? जस्ता सवालमा सचिव महतले गंभिर चासोका साथ बिज्ञप्ती जारी गरेका छन् ।

# भन्सार छलेर ल्याइएको कपडा रातोमाटेमा बरामद

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका वडा नं.१५ रातोमाटेबाट मंगलबार भन्सार छलि गरेर ल्याएको कुर्था सुरुवाल र बनारसी साडी प्रहरीले बरामद गरेको छ ।

बीरगञ्जबाट काठमाडौं तर्फ जादै गरेको बा.प्र. ०१-००६ ख ५०४१ नम्बरको यात्रुवाहक बसबाट १३३ थान कुर्था सुरुवाल र १५ थान बनारसी साडी बरामद गरिएको बामगती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

कार्यालयका अनुसार कुर्था सुरुवाल र साडी १ लाख ६३ हजार मूल्य बराबरको रहेको छ । सो कपडा धनी पत्ता लागेको छैन भने कपडा प्रहरीचौकी रातोमाटेमा रहेको प्रहरीले जनाएको छ ।

लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं ।
- घरवरीपरी पानी जम्न नदिऔं ।
- घर तथा गोठ वरीपरी सफा सुग्घर राखौं ।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं ।
- लामखुट्टेको टोकाईबाट बचौ र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# एकलाख राशीको 'मकवानपुरगढी फुट्सल'

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/ देशका २४ वटा जेसीज शाखाहरुको सहभागितामा मकवानपुरगढी गाउँपालिकामा फुट्सल प्रतियोगिता हुने भएको छ । मकवानपुरगढी जेसीआई (प्रस्तावित)को आयोजनामा एक लाख राशीको फुट्सल प्रतियोगिता शुक्रबारबाट सुरु हुँदैछ ।

प्रतियोगिताको तयारी सकिएको मकवानपुरगढी जेसीजका अध्यक्ष पुष्पराज पुडासैनीले जानकारी दिए । भदौ १५ र १६ गते हुने प्रतियोगिताको बिजेताले एक लाख नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र, द्वितीय हुनेले ५० हजार नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउने पुडासैनीले बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । प्रतियोगितामा नेपाल जेसीआईको सदस्यता भएका सदस्य समूहले मात्रै भाग लिन पाउने आयोजकले नियम बनाएको छ ।




मकवानपुरगढी गाँउ पालिकालाई नेपाल भरका जेसीजका शाखामाझ पर्यटन प्रवर्द्धन, औद्योगिक प्रतिष्ठानलाई खेलकुदमा लगानी गर्दै सामाजिक उत्तरदायित्व बहन एवम् खेलकुदको विकास गराउने उद्देश्यले जेसीआई मकवानपुरगढी फुट्सल प्रतियोगिता आयोजना गर्न लागेको अध्यक्ष पुडासैनीले बताए ।

९ लाख रुपैयाँ खर्चको अनुमान गरिएको प्रतियोगितामा नवलपरासीदेखि बीरगञ्जसम्मका जेसीज शाखाहरु सहभागी हुने तय भएको छ । खेल मकवानपुरगढी-३, स्थित भानु मावि नजिकैको फुटसल मैदानमा हुनेछ ।

# प्रदेशसभामा दुईवटा विधेयक दर्ता

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/ बागमती प्रदेशसभा सचिवालयमा बुधबार दुईवटा विधेयक दर्ता भएको छ । विधेयक प्रदेश सरकारको तर्फबाट दर्ता गरिएको हो ।

प्रदेशसभा सचिवालयमा प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक र स्वास्थ्य सेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक रहेको सचिवालयका प्रवक्ता मनोजकुमार गुप्ताले जानकारी दिए ।

उनका अनुसार, सचिवालयमा दर्ता गरिएको विधेयक आगामी अधिवेशन बैठकबाट पारित गर्न प्रक्रिया अघि बढाइ सकिएको छ । प्रदेशसभाको बैठक अधिवेशन यही भदौं १८ गते अपराह्न साढे १ बजे बस्ने गरी आह्वान गरिएको छ ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना